# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३५५ | काठमाडौं | आइतबार, ०७ वैशाख २०८२ | Prabhab National Daily | Sunday, April 20 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**बन डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं**

- वन क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँसजस्ता ज्वलनशील पदार्थहरु सुरक्षितरुपमा व्यवस्थापन गरौं,
- सलाई, लाइटर तथा प्रज्वलनशील वस्तु बालबालिकाको पहुँचबाट टाढै राखौं,
- चुरोट, बिडीका ठूटा जथाभावी नफालौं । यसले आगलागिको जोखिम निम्त्याउन सक्छ,
- डढेलो नियन्त्रणमा सहभागी बनौ, स्थानीय प्रशासनलाई खबर गरौं,
- वनजङ्गलमा आगो लगाउने व्यक्तिको पहिचान गरौं र यथाशीघ्र नजिकको प्रहरी कार्यालय वा वन कार्यालयमा खवर गरौ,
- समुदायस्तरमा सचेतना फैलाऔं र वन संरक्षणमा योगदान दिऔं ।

डढेलो नियन्त्रणको अभियान, सुरक्षित वन हाम्रो पहिचान ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# गृहजिल्लामै घेराबन्दीमा परे सांसद भट्टराई



- 'नो केबलबार' पक्षधरबाट भट्टराईविरूद्ध नाराबाजीसहित घेरिएपछि शौचालयमा थुनिए
- सांसद भट्टराईले भने- मलाई कुनै दुःख छैन

■ प्रभाव संवाददाता

**काठमाडौं–** गृहजिल्ला ताप्लेजुङको लेलेपमा पहिचान पक्षधरले घेरा हालेपछि झण्डै २० मिनेट शौचालयमा थुनिएका पूर्वमन्त्रीसमेत रहेका एमालेसचिव योगेश भट्टराई सामाजिक सञ्जालमा 'भाइरल' भएका छन् । उनी पसेको शौचालयलाई घेरेर 'नो केबलबार' पक्षधरहरूले नाराबाजी गरेका थिए । घटना शुक्रबारको हो । तर, शनिबार बिहानैदेखि सामाजिक सञ्जालमा भट्टराई शौचालयमै थुनिएर बस्नुपरेको र उनीविरुद्ध नाराबाजी भएको भिडियो भाइरल भएको हो ।

पहिचान पक्षधरहरूले भट्टराईलाई खाटी पहिचानविरोधी नेता मान्छन् । ताप्लेजुङको मुक्कुम्लुङ (पाथीभरा) क्षेत्रमा केबलरका निर्माण गर्न नहुने भन्दै आएका उनीहरू भट्टराईलाई केबलबार निर्माण योजनामा जिम्मेवार ठान्छन् । गत माघमा उनले काठमाडौंमा पत्रकार सम्मेलन गरी पाथीभरामा केबलकार निर्माण हुनुपर्ने मत राखेका थिए । उनको यो मतले नो केबलकार पक्षधरहरू चिढिएका थिए ।

यसपछि उनी लामो समय गृहजिल्ला ताप्लेजुङ गएनन् । तर, कञ्चनजंघा हीरक महोत्सवले उनलाई ताप्लेजुङ पुऱ्यायो । उनका साथमा पर्यटनमन्त्री बद्री पाण्डे पनि थिए । जिल्लाको लेलेपमा महोत्सव उद्घाटन सकिएपछि मन्त्री पाण्डे हेलिकप्टर भएतिर गएका थिए । सँगै रहेका सांसद भट्टराई भने कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को भवनमा रहेको शौचालयतिर लागे । जब भट्टराई सिँढी चढेर शौचालय उक्लिए, वरपर रहेका नो केबलकार पक्षधरले उनीविरुद्ध नाराबाजी सुरु गरे । शौचालय घेरा हाले र उनी थुनिए । अन्ततः प्रहरीले भीडलाई तितरबितर पारेर भट्टराईलाई कडा सुरक्षा घेराबीच हेलिकप्टर भएको क्षेत्रमा लगेका थिए ।

घटना भाइरल भएपछि सचिव भट्टराईले आफ्नो विरुद्धमा दुई-चार जनाले नारा लगाए पनि आफूलाई कुनै दुःख नलागेको बताएका छन् । उनले भनेका छन्, 'कार्यक्रम सकेर फर्कनेक्रममा दुई-चार जनाले मेराविरुद्ध नारा लगाएछन् । नेपाली जनताको लामो संघर्षबाट प्राप्त लोकतान्त्रिक अधिकारको प्रयोग गरेछन् । मलाई कुनै दुःख छैन । सवाल विरोध वा समर्थन सभ्यताको सीमाभित्र हुनुपर्दछ ।'

उनले थपेका छन्, 'जसले जति जानेको छ वा जे गर्न लगाइएको छ त्यति नै गर्ने हो । मेरो आग्रह विवेकले काम गरौं । सामाजिक एकता र सद्भाव नबिगारौं ।'

क्रमशः पृष्ठ २ मा

# गणतन्त्र जोगाउन तीन दल एक ढिक्का, ढाल्न राप्रपा सडकमा

- देउवा, ओली र दाहाल गणतन्त्र जोगाउन एकताबद्ध
- आज निषेधित क्षेत्रमै प्रदर्शन गर्ने राप्रपाको घोषणा

■ जेबी योञ्जन

**काठमाडौं–** कयौं मतभेदबीच गणतन्त्र पक्षधर प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका शीर्ष नेता संघीय लोकतान्त्रिक गणतन्त्र रक्षाका लागि एक ढिक्का भएर उभिन प्रतिबद्ध भएका छन् ।

राजसंस्था फर्काउने भन्दै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र राजावादी समूहले निषेधित क्षेत्र तोड्ने घोषणा गरेपछि कांग्रेस सभापति शेरबहादुर देउवा, प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहालले व्यवस्था जोगाउन एकताबद्ध हुने जनाएका हुन् । शनिबार साँझ उनीहरूबीच प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा भेटवार्ता भएको थियो ।

भेटवार्तामा सहभागी गृहमन्त्री रमेश लेखकले गणतन्त्र, लोकतन्त्र र संविधानविरुद्धको प्रदर्शनलाई वितण्डाको रूपमा लिने साझा बुझाइ तीन नेताको रहेको बताए । 'तीन नेताबीच बालुवाटारमा भएको छलफलको निष्कर्ष भनेकै संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा एक ढिक्का भएर उभिन्छौं भन्ने साझा निष्कर्ष हो, अर्को गणतन्त्र, लोकतन्त्र र संविधानका विरुद्धमा हुने प्रदर्शन आन्दोलन होइन, राजनीतिक अस्थिरता फैलाउने वितण्डा हो भन्ने नेताहरूको साझा बुझाइ रह्यो,' लेखकले भने ।

राप्रपाले निषेधाज्ञा तोड्ने सार्वजनिक घोषणा गरेर संविधान र कानुनका विरुद्धमा अघि बढ्न खोजेको तीन नेताको बुझाइ छ । उनीहरूले राप्रपाले गर्ने कदमको विरोध गरेका छन् । 'संविधानको उल्लंघन गर्ने र सामाजिक अराजकता सिर्जना गरी मुलुकको शान्ति र अमनचयनमा खलल पुऱ्याउनेप्रति सचेत हुँदै अघि बढ्न प्रमुख राजनीतिक दलसहित गणतन्त्र पक्षधर शक्तिहरू एक ठाउँमा उभिनुपर्ने समान मत देखिएको छ,' गृहमन्त्री लेखकले भने ।

राजावादी समूहले १५ चैतमा हिंसात्मक प्रदर्शन गर्नुअघि पनि गणतन्त्र पक्षधर तीन दलको बैठक बसेको थियो । बैठकले व्यवस्थाविरोधी गतिविधि नगर्न चेतावनी दिएको थियो । राजसंस्था नेपालको सन्दर्भमा इतिहासको विषय भएको भन्दै राजसंस्था कहिल्यै नफर्किने दाबी गरेका थिए । तर, राजसंस्थापक्षधर शक्तिहरू भने लगातार आन्दोलित छन् ।

मुख्य राजावादी दल राप्रपाले आज काठमाडौंमा निषेधित क्षेत्र तोड्ने बताएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंले काठमाडौंका संवेदनशील ठाउँहरूलाई निषेधित क्षेत्र तोकेको छ । नयाँ बानेश्वर, सिंहदरबारलगायत क्षेत्र निषेधित क्षेत्र मानिन्छन् ।

तर, राप्रपाले हाल प्रहरी परिसर काठमाडौंको हिरासतमा रहेका पार्टी वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, धवलशमशेर राणालगायत नेता कार्यकर्ताको रिहाका लागि भन्दै आज प्रदर्शन गर्न लागेको हो । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले सरकार निरंकुश बन्दै गएकोले त्यसको विरोधमा निषेधित क्षेत्रमै गएर प्रदर्शन गर्ने घोषणा गरेका छन् । पक्राउ परेका आफ्ना नेता कार्यकर्ताहरूका लागि राजनीतिक र कानुनी दुवै खालको लडाइँ लड्ने उनको चेतावनी छ ।

क्रमशः पृष्ठ २ मा



**प्रमुख तीन नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका शीर्ष नेताहरूबीच शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटवार्ता ।** *तस्बिरः रासस*

## राप्रपालाई सरकारको चेतावनी– निषेधित क्षेत्र तोडे कारबाही

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले निषेधित क्षेत्रमा प्रदर्शन गर्ने घोषणा गरेकोप्रति सरकारले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । गृह मन्त्रालयले शनिबार एक विज्ञप्ति जारी गर्दै त्यस्तो गतिविधि नगर्न सचेत गराएको छ । संविधान र कानुनको ठाडो उल्लंघन गर्न प्रोत्साहित गर्ने र समाजमा अराजकता फैलाउने कुनै पनि गतिविधि सहच नहुने गृहले उल्लेख गरेको छ । त्यस्तो गतिविधिमा संलग्न जोसुकैलाई कारबाही हुने चेतावनी गृहले दिएको छ ।

मन्त्रालयका सहसचिव तथा प्रवक्ता रामचन्द्र तिवारीले जारी गरेको विज्ञप्तिमा अराजक, उत्तेजक र गैरकानुनी क्रियाकलापमा संलग्न नहुन आग्रह गरिएको छ । 'संविधान र कानुनको ठाडो उल्लंघन गर्न प्रोत्साहित गर्ने र समाजमा अराजकता फैलाउने कुनै पनि गतिविधि सहच नहुने र यस्तो गतिविधिमा संलग्न जोकोहीलाई कानुनबमोजिम कारबाही हुने व्यहोरा सूचित गरिन्छ । साथै, समाजमा हिंसा फैलाउने कुनै पनि अराजक, उत्तेजक र गैरकानुनी क्रियाकलापमा संलग्न नहुनसमेत गृह मन्त्रालय सबैमा अनुरोध गर्दछ,' विज्ञप्तिमा भनिएको छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

# मलेसिया रोजगारीमा आत्महत्याको डरलाग्दो तथ्यांक, एक वर्षमै गुमाए ६९ जनाले ज्यान

## मानसिक स्वास्थ्यसम्बन्धी विशेष कार्यक्रम ल्याउन विज्ञको सुझाव

■ ममता थापा

**काठमाडौं–** पछिल्लो दुई वर्षयता रोजगारीका लागि मलेसिया गएकाहरूले आत्महत्या गर्ने दर चिन्ताजनक देखिएको छ । वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार गत वर्ष (२०८१)को वैशाखदेखि चैत मसान्तसम्म मलेसिया गएकामध्ये ६९ जना नेपाली श्रमिकले आत्महत्या गरेका छन् ।

मलेसियाको यो संख्या वैदेशिक रोजगारीका क्रममा उक्त वर्ष आत्महत्या गर्ने नेपालीको कूल संख्याको करिब ४० प्रतिशत हो । गत वर्ष वैदेशिक रोजगारीमा विभिन्न मुलुक गएकामध्ये १७६ जनाले आत्महत्या गरेको तथ्यांक छ । मलेसिया सबैभन्दा बढी भदौमा १० जनाले आत्महत्या गरेको तथ्यांकमा देखिन्छ । यसैगरी २०८१ वैशाख र जेठमा नौ-नौ जना, असार र साउनमा पाँच-पाँच जना, असोजमा सात जना, कात्तिकमा चार जना, मंसिरमा तीन, पुसमा चार, माघमा तीन, फागुनमा पाँच र चैतमा पाँच जनाले मलेसियामा आत्महत्या गरेका बोर्डले जानकारी दिएको छ । पछिल्लो समय आत्महत्याका घटना धेरै आउनु चिन्ताजनक भएको बोर्डका अधिकारीहरूले बताएका छन् ।

गत वर्ष साउदीमा ३६, संयुक्त अरब इमिरेट्स (युएई)मा ३३, कतारमा २१ र कुवेतमा १२ जनाले आत्महत्या गरेका छन् । बहराइन र ओमानमा भने यस्तो संख्या न्यून पाइएको छ । त्यसैगरी खाडीबाहेकका मुलुकमा आत्महत्याको दर तुलनात्मक रूपमा कम छ ।

अघिल्लो वर्ष २०८० सालमा मलेसियामा ५७, युएईमा २५, साउदीमा २६, कतारमा २५ र कुवेतमा चार जनाले आत्महत्या गरेका थिए । त्यस्तै वि.सं. २०७९ मा युएईमा २९, साउदीमा ४१, मलेसियामा २९, कतारमा २७ र कुवेतमा चार जनाले आत्महत्या गरेको तथ्यांक छ ।

क्रमशः पृष्ठ २ मा

विदेशमा गएर कसरी काम गर्ने भन्ने विषयमा तालिम दिइएजस्तै मानसिक स्वास्थ्य, खानपान, जीवनशैलीजस्ता विषय पनि तालिममा समावेश गरिनुपर्छ । विशेषगरी खाडी मुलुकमा गएका श्रमिकहरूले आत्महत्या रोज्नुको पछाडि मानसिक स्वास्थ्य नै प्रमुख देखिन्छ ।

**■ नवराज फुयाल**
क्लिनिकल साइकोलोजिस्ट

मानसिक स्वास्थ्यसम्बन्धी विषय पाठ्युस्तकमा छ । तर यसलाई विशेषज्ञमार्फत जसरी पढाइनुपर्ने हो त्यो गर्न हामीले सकेका छैनौं । अभिमुखीकरण कामचलाउजस्तो मात्र भइरहेको छ ।

**■ राजाराम गौतम**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ

# अनाथ बालबालिकालाई लोकतान्त्रिक एसोसिएसनको सहयोग

**काठमाडौं (प्रस)–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले बबरमहलस्थित विवेक स्वच्छ सेवा केन्द्रका अनाथ बालबालिकाहरूलाई शैक्षिक सामग्री र लत्ताकपडा वितरण गरेको छ । एसोसिएसनका अध्यक्ष दीपक थापा नेतृत्वको टोलीले शनिबार केन्द्रमा पुगेर उक्त सामग्री हस्तान्तरण गरेको हो ।



एसोसिएसनका कार्यवाहक महासचिव तुलसी पुरीका अनुसार अनाथ बालबालिकाहरूका लागि पाँच लाख रूपैयाँबराबरको सामग्रीसँगै ६६ हजार रूपैयाँ नगद केन्द्रलाई हस्तान्तरण गरिएको छ । उक्त सहयोग हस्तान्तरणका लागि एसोसिएसनका अध्यक्ष थापाले व्यक्तिगतरूपमा डेढ लाख रूपैयाँबराबरको सामग्री उपलब्ध गराएका थिए ।

केन्द्रलाई हस्तान्तरण गरिएको नगदमध्ये ५१ हजार रूपैयाँ कार्यवाहक महासचिव पुरी र १५ हजार रूपैयाँ एसोसिएसनकी सदस्य सविता सिंहले उपलब्ध गराएका हुन् । उनीहरूले सामग्री हस्तान्तरणकै क्रममा केन्द्रको क्युआर कोडमार्फत रकम ट्रान्सफर गरिदिएका थिए ।

क्रमशः पृष्ठ २ मा





**१८औं वर्ष पूरा गरी १९औं वर्षमा प्रवेश!**

हाम्रो १८औं वार्षिकोत्सवको सुखद उपलक्ष्यमा समस्त आदरणीय ग्रहकवर्गहरू, शेयरधनीहरू, नियमक निकायहरू, कर्मचारी तथा शुभचिन्तकहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरूमा अझै उच्चस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

| | |
|---|---|
| चुक्ता पूँजी | रू. १४ अर्ब ७६ करोड |
| कर्जा | रू. १ खर्ब ७३ अर्ब |
| निक्षेप | रू. २ खर्ब २ अर्ब |
| शाखा सञ्जाल | २०० |
| ग्राहक संख्या निक्षेप | १८ लाख ७९ हजार |

सहायक कम्पनिहरूः
सिटिजन्स क्यापिटल लिमिटेड
सि.बि.आई.एल. सेक्युरिटिज लिमिटेड

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
Citizens Bank — Your Partner For Progress
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
०१ ५९७००६८
Support@ctznbank.com
www.ctznbank.com

**पृष्ठ १ बाट क्रमशः**

## गणतन्त्र जोगाउन...

राप्रपा कार्यसम्पादन समिति बैठकले ९ वैशाखमा देशको ७७ वटै जिल्लामा प्रदर्शन र धर्ना कार्यक्रम आयोजना गर्ने निर्णय गरेको जानकारी दिइएको छ । राप्रपाले राजसंस्था र हिन्दूराष्ट्र पुनर्स्थापना, प्रदेश खारेजी र भ्रष्टाचार अन्त्यका लागि समर्थन जुटाउन सबै पक्षसँग छलफल र अन्तरक्रिया गर्ने निर्णयसमेत गरेको छ ।

काठमाडौं उपत्यकाका सबै वडामा आन्दोलनको तयारी गर्ने, त्यसका लागि समन्वय गर्न केन्द्रीय र प्रदेश तहका नेताहरूलाई खटाउने भएको छ । आन्दोलनसम्बन्धी विषयमा योजना बनाउन तथा तत्काल आवश्यक निर्णय लिनु परेमा पार्टी अध्यक्षको संयोजकत्वमा पूर्वअध्यक्षहरू र उपाध्यक्षहरू रहेको समितिलाई जिम्मेवारी दिने निर्णय गरेको छ । आन्दोलनको कार्यक्रमसँगै जिल्ला अधिवेशन पनि गर्ने निर्णय राप्रपाको छ ।

### जगमानको दाबी : १५ जेठमै गणतन्त्र अन्त्य

राजसंस्था पुनर्स्थापनाका लागि भन्दै गठित संयुक्त जनआन्दोलन परिचालन समितिका कार्यवाहक संयोजक जगमान गुरुङले आगामी १५ जेठमा देशबाट गणतन्त्र अन्त्य हुने दाबी गरेका छन् । गणतन्त्र अन्त्यका लागि निर्णायक आन्दोलन गर्ने पनि बताए ।

'यो गणतन्त्रको घोषणा कहिले भयो त जेठको १५ गते होइन ? जेठको १५ गते गणतन्त्रको घोषणा भयो । गणतन्त्र दिवस मनाउँछ । यसको अन्त्य कहिले हुन्छ त ? ०८२ सालको जेठको १५ गते हुन्छ । त्यही हो कुरा,' उनले काठमाडौंमा शनिबार आयोजित पृथ्वीपथबारेको कार्यक्रममा भने, 'आन्दोलन कसरी जाने भन्ने कुरा सबै आत्तिसक्नुभएको छ । अर्को फोरममा भनौंला ।' उनले शनिबार नै विज्ञप्ति जारी गर्दै राप्रपाको नेतृत्वमा हुने आजको प्रदर्शनप्रति साथ रहने बताएका छन् ।

■■■

## गृहजिल्लामै...

भट्टराईमाथि दुर्व्यवहार भएको भन्दै एमाले ताप्लेजुङले आपत्ति जनाएको छ । दुर्व्यवहार गर्नेलाई कानुनी दायरामा ल्याउन पनि माग गरेको छ । भट्टराईउपर गालीगलौज र अराजक क्रियाकलाप गरिएको भन्दै विज्ञप्तिमार्फत एमालेले भर्त्सना तथा खेद प्रकट गरेको छ । एमाले जिल्ला कमिटी ताप्लेजुङका कार्यवाहक अध्यक्ष दीपेन्द्र पोमुद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, 'यस्ता अराजक गतिविधि गर्नेहरूलाई कानुनी दायरामा ल्याउन मागसमेत गर्दछ ।'

एमालेको भ्रातृ संगठन राष्ट्रिय युवा संघ ताप्लेजुङले सरकार, प्रहरी प्रशासन मूकदर्शक बने युवा संघ आफैंले बाध्य भई कारबाही गर्ने चेतावनी पनि दिएको छ । संयोजक मनिक तुम्बाहाम्फे र सहसंयोजक डेभिड लिम्बूद्वारा हस्ताक्षरित विज्ञप्तिमा लोकतन्त्रमा आफ्नो विचार राख्ने र स्वतन्त्र अभिव्यक्ति दिने कानुनी अधिकार सबै नागरिकमा भएको तर अराजक केही विकासविरोधी तत्त्वले हिरक महोत्सवजस्तो महत्त्वपूर्ण कार्यक्रममा आएका आफ्ना नेतामाथि दुर्व्यवहार गरेको भन्दै भर्त्सना गरिएको छ ।

■■■

## मलेसिया रोजगारीमा...

२०७८ मा मलेसिया गएका २३ जनाले आत्महत्या गरेका थिए । विगत केही वर्षको तथ्यांकलाई तुलना गर्दा मलेसियामा २०८० सालबाट यसको दरमा वृद्धि भएको पाइन्छ । चालु आर्थिक वर्षको साउनदेखि फागुनसम्मको आठ महिनामा बोर्डबाट १०९ जनाको परिवारले आर्थिक सहायता लिएका छन् । रोजगारीमा गएर आत्महत्या गर्नेमध्ये झण्डै ९० प्रतिशतको हाराहारीमा खाडीमुलुक जानेहरू रहेको बोर्डले जनाएको छ ।

मानसिक स्वास्थ्यका विषयमा यस्तो विकराल स्थिति देखिएको अवस्थामा सरकारले विशेष कार्यक्रम अघि बढाउनुपर्ने क्लिनिकल साइकोलोजिस्ट नवराज फुयाल बताउँछन् । विदेशमा गएर कसरी काम गर्नेजस्ता विषयमा तालिम दिइएजस्तै मानसिक स्वास्थ्य, खानपान, जीवनशैलीजस्ता विषय पनि तालिममा समावेश गरिनुपर्ने उनको भनाइ छ । विशेषगरी खाडी मुलुकमा गएका श्रमिकहरूले आत्महत्या रोज्नुको पछाडि फुयालले विभिन्न कारण औंल्याएका छन् ।

'मलेसियालगायत खाडी मुलुक जानेहरू अधिकांश न्यून या मध्यम आयस्रोत भएकाहरू हुन्छन् । उनीहरू यहीँ हुँदा पनि आफ्नो सामाजिक, आर्थिक अवस्थाका कारण कम प्रतिस्पर्धी र आत्मविश्वास कम भएका हुन्छन् । उनीहरू नेपालबाट जाँदै मानसिक स्वास्थ्यको उच्च जोखिममा हुन्छन्,' उनले भने । फुयालका अनुसार विदेशको फरक वातावरणमा यहाँको जस्तो 'सेयरिङ एण्ड केयरिङ'को कल्चर हुँदैन । कतिपय श्रमिक भनेजस्तो काम गर्ने वातावरण, पारिश्रमिक आदिबाट वञ्चित हुन्छन् । यसले गर्दा श्रमिकहरूको मानसिक स्वास्थ्य दिनानुदिन बिग्रँदै जाने उनको भनाइ छ । 'त्यसपछि मेन्टरल डिसअर्डरहरू आउने र सुसाइडल थटसम्म पुग्ने गरेको पाइन्छ,' उनले भने ।

फुयालका अनुसार हाम्रो समाजमा व्याप्त अस्वस्थ प्रतिस्पर्धाका कारण पैसा कमाउन सकेन भने हुत्तिहारा मान्ने प्रवृत्ति छ । यसले मानिसको क्षमतामा ह्रास आउने, हिनताबोध हुने गरेको उनको भनाइ छ । त्यसैगरी औद्योगिक क्षेत्रमा काम गर्नेहरू प्रकृतिसँग घुलमिल हुन नपाउँदा पनि यस्ता समस्याको सिकार हुँदै गएको उनी बताउँछन् । त्यस्तै, पछिल्लो समय सम्बन्ध बिग्रिएका घटनाहरू बढी हुँदा पनि विदेशमा रहेका श्रमिकहरू मानसिक समस्यामा पर्ने गरेको उनले बताए । 'मानसिक स्वास्थ्यलाई गम्भीरतापूर्वक नलिने हाम्रो बानी छ । यसबारेमा जनचेतना जगाउन आवश्यक छ,' फुयालले भने ।

नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतम वैदेशिक रोजगारीमा जाने कामदारलाई मानसिक स्वास्थ्यसम्बन्धी प्रभावकारी अभिमुखीकरण दिन नसकिएको स्वीकार्छन् । 'मानसिक स्वास्थ्यसम्बन्धी विषय पाठ्यपुस्तकमा छ । तर यसलाई विशेषज्ञमार्फत जसरी पढाइनुपर्ने हो त्यो गर्न हामीले सकेका छैनौं,' उनले भने, 'समस्या भएको विषय हामी सबैलाई थाहा छ । तर सरकारले न पाठ्यक्रम अद्यावधिक गराएको छ न हामीले माग गर्दै आएका विषयलाई सम्बोधन गरेको छ । अभिमुखीकरण कामचलाउजस्तो मात्र छ । हामी निरीह भएका छौं ।'

■■■

## अनाथ...

केन्द्रमा ३८ जना अनाथ बालबालिका रहेका केन्द्रकी सञ्चालक रेबिका थापाले जानकारी दिइन् । सरकारबाट सहयोग नपाइरहेको अवस्थामा एसोसिएसनबाट प्राप्त सहयोगले बालबालिकाहरूलाई ठूलो राहत मिल्ने उनले बताइन् । सहयोगका लागि धन्यवाद व्यक्त गर्दै उनले आगामी दिनमा पनि सहयोगको अपेक्षा रहेको बताइन् ।

एसोसिएसनका कार्यवाहक महासचिव पुरीले अनाथ बालबालिकाहरूका लागि केन्द्रले पुण्यको काम गरेको भन्दै प्रशंसा गरे । यस्तो पुण्य कार्यमा थोरै भए पनि सहयोग गर्न पाएको भन्दै उनले खुसी व्यक्त गरे । एसोसिएसनले अन्य व्यवसायीहरूसँग पनि सहकार्य गरेर पुनः सहयोग जुटाउन पहल गर्ने प्रतिबद्धतासमेत उनले जनाए ।

सहयोग हस्तान्तरण कार्यक्रममा एसोसिएसनका अध्यक्ष थापा, वरिष्ठ उपाध्यक्ष विनोदजंग केसी, द्वितीय उपाध्यक्ष रामप्रसाद गैरे, कार्यवाहक महासचिव पुरी, सदस्यद्वय सविन गौतम र सविता सिंह उपस्थित रहेका थिए ।

## १५ बुँदे घोषणापत्र जारी गर्दै सकियो मूर्तिकला सम्मेलन

**काठमाडौं (प्रस)**– नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको आयोजनामा शुक्रबारदेखि सुरु भएको 'राष्ट्रिय मूर्तिकला सम्मेलन' १५ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

सम्मेलनले मूर्ति सिर्जना गर्दा चाहिने आवश्यक कच्चापदार्थको उपलब्धतालाई सहजीकरण गर्न कच्चापदार्थको आयातमा भन्सार र अन्य कर छुट हुने कानुनी व्यवस्थासहित १५ बुँदे घोषणापत्र जारी गरेको हो ।

सरकारी निकायबाट सिर्जना गरिने मूर्तिकलाको सम्बन्धमा विद्यमान सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम बोलपत्र आह्वान गर्दा मूर्तिकारलेभन्दा निर्माण व्यवसायीले काम पाउने अवस्था हुने र निर्माण व्यवसायीले निर्माण गरेका मूर्ति सिर्जनाका दृष्टिले गुणस्तरीय र कलाको मर्मअनुरूप नहुने हुँदा सार्वजनिक खरिदसम्बन्धी विद्यमान कानुनमा सुधार गरी त्यस्ता मूर्ति वा कला सिर्जना गर्न बोलपत्र आह्वानसम्बन्धी छुट्टै कानुनी प्रावधानको व्यवस्था गर्नुपर्ने माग गरिएको प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले जानकारी दिए ।


**काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः– २०८२/०१/०७**

डिभिजन वन कार्यालयको च.न. १९३५ मिति २०८१/१२/०५ गतेको पत्र बमोजिम श्री जयबुद्ध सामुदायिक वन उपभोक्ता समूह भित्रबाट संकलन भई घाटगद्दीमा रहेका साल, असना, कर्मा जातको काठ र दाउरासमेत गोलिया थान २४८ को १८६६.८५ क्यूफिट काठ र दाउरा ३.२५ चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१(एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । सम्पूर्ण ब्यहोरा समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जयबुद्ध सामुदायिक वन उपभोक्ता समूह**
**सालबन्दी न.पा.-१५, सर्लाही**



**यूएईमा रोजगार** कम्पनी : ALMUHANAD ELECTROMECHANICAL WORKS LLC

पूर्व स्वीकृति मिति : २०८०/०८/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०६ LT. No. 308149 चलानी नं. ६०२२२९८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AC Technicians | 25 | 0 | 1200 | ४४,५९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Duct Man | 25 | 0 | 1200 | ४४,५९१ | | | | | | | |
| 3 | Electrician | 25 | 0 | 1200 | ४४,५९१ | | | | | | | |
| 4 | Plumber | 25 | 0 | 1200 | ४४,५९१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १४ गते (27th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1078/073/74
SKY STAR RECRUITMENT PVT LTD
Sukedhara- 4, Kathmandu, Nepal, T: 01-5902344 / 5902346
Email:- sky.starlabourdept@gmail.com, Web: www.skystarrecruitment.com



**यूएईमा रोजगार** कम्पनी : GLAZE 4 YOU CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८०/०८/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०६ LT. No. 295935 चलानी नं.६०२११०६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 75 | 11 | 800 | २९,७२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः
चितवन, भरतपुर गार्डेन रिसोर्टमा मितिः २०८२ वैशाख १४ गते (27th Apr. 2025) मा हुनेछ । संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १८ गते (1st May. 2025) मा हुनेछ ।
इटहरी, मुनाल ट्रेनिङ सेन्टरमा मितिः २०८२ वैशाख १६ गते (29th Apr. 2025) मा हुनेछ । झापा, अञ्जलि ट्रेनिङ सेन्टरमा मितिः २०८२ वैशाख १७ गते (30th Apr. 2025) मा हुनेछ ।
बुटवल, बुटवल मल्टिपल ट्रेनिङ सेन्टरमा मितिः २०८२ वैशाख १५ गते (28th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 615/063/64
BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com
Butwal: 9802676987 Jhapa: 9801401300 | 9801427301 | 9801427304, Kathmandu 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035 | Itahari Contact No: 9816368105/9810591900



**साउदीमा रोजगार** कम्पनी : ALJERI TRANSPORTATION COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/०५ LT. No. 322179 चलानी नं. ६०२३६२३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Duty Driver (Truck) | 10 | 0 | 1800 | ४०,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १४ गते (27th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYWAYS BUREAU SERVICES PVT.LTD.
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com
Govt. License No. 871/066/67



**कतारमा रोजगार** कम्पनी : FUSE ELECTRONIC WIRING CONNECTIONS

पूर्व स्वीकृति मिति : २०८१/०६/२० पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०६ LT. No. 311856 चलानी नं. ६०२२६३४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1100 | ४१,२३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electric | 5 | 0 | 1100 | ४१,२३९ | | | | | | | |
| 3 | Electrician | 6 | 0 | 1100 | ४१,२३९ | | | | | | | |
| 4 | Foreman | 4 | 0 | 2500 | ९३,७२५ | | | | | | | |
| 5 | Labourer | 15 | 0 | 1000 | ३७,४९० | | | | | | | |
| 6 | Store Keeper | 2 | 0 | 1900 | ७१,२३१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १४ गते (27th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Greenland Services Pvt. Ltd. "A Complete Ethical Recruitment Agency"
Basundhara,Kathmandu, Nepal, Tel: +977 1 5916353, Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**आइतबार, ०७ वैशाख, २०८२**

| राशि | फल |
|---|---|
| मेष | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| वृष | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| मिथुन | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| कर्कट | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| सिंह | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| कन्या | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| तुला | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| वृश्चिक | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| धनु | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| मकर | सुखद समाचारले उत्साह जगाउनेछ । |
| कुम्भ | रोकिएका काम सम्पादन हुनेछ । |
| मीन | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०७ वैशाख, २०८२ (२०, अप्रिल २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.३० | १३६.९० |
| युरो | १ को | १५४.९३ | १५५.६१ |
| पाउन्ड स्टर्लिङ | १ को | १८०.४० | १८१.१९ |
| स्विस फ्रैन्क | १ को | १६६.८२ | १६७.५५ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७२ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.१५ | ९८.५८ |
| सिङ्गापुर डलर | १ को | १०३.८८ | १०४.३३ |
| जापानी येन | १० को | ९.५६ | ९.६१ |
| चिनियाँ युआन | १ को | १८.६७ | १८.७५ |
| साउदी अरब रियाल | १ को | ३६.३२ | ३६.४८ |
| कतारी रियाल | १ को | ३७.३९ | ३७.५६ |
| थाई भाट | १ को | ४.०९ | ४.११ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.११ | ३७.२७ |
| मलेसियन रिङ्गेट | १ को | ३०.९२ | ३१.०६ |
| दक्षिण कोरियन वन | १०० को | ९.६२ | ९.६६ |
| स्विडिस क्रोनर | १ को | १४.०५ | १४.११ |
| डेनिस क्रोनर | १ को | २०.७५ | २०.८४ |
| हङकङ डलर | १ को | १७.५६ | १७.६३ |
| कुवेती दिनार | १ को | ४४४.५८ | ४४६.५४ |
| बहराइन दिनार | १ को | ३६१.६० | ३६३.१९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# चिकित्सक शिक्षा आयोगको निर्णय कार्यान्वयन गर्न माग

**काठमाडौं (प्रस)–** नेपाल चिकित्सक संघले चिकित्सा शिक्षा आयोगको निर्णय कार्यान्वयन गर्न सरकारसँग माग गरेको छ । आयोगको १६औं बैठकले आवासीय चिकित्सकलाई संघीय सरकारको आठौं तहसरहको ४८ हजार ७३७ रूपैयाँ निर्वाहभत्ता दिने भनी गरेको निर्णय तत्काल लागू गर्नुपर्ने संघको माग छ ।

आयोगको यही वैशाख ३ गतेको बैठकले सिट पुनरावलोकनका साथै शुल्क समायोजनसम्बन्धी कार्यदल गठन गरेको थियो । उक्त विषयमा संघको शनिबार बसेको केन्द्रीय कार्यकारिणीको नियमित बैठकले गरेको निर्णयअनुसार प्रदर्शनरत आवासीय चिकित्सकलाई निःसर्त र सुरक्षितरूपमा काममा फर्कने वातावरणको सुनिश्चितता गर्नुपर्ने माग गरेको छ ।

बैठकपछि संघका महासचिव डा. सञ्जिव तिवारीले शनिबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'प्रदर्शनरत आवासीय चिकित्सकलाई निःसर्त र सुरक्षितरूपमा काममा फर्कने वातावरणको सुनिश्चितता गर्नुपर्ने माग पूरा नभएसम्म यो कार्यदलको काम कारबाहीमा सहभागी नहुने भनी गरिएको निर्णय संयोजकलाई जानकारी गराउन चाहन्छु ।'

# नेपाल बारको नयाँलाई पदभार हस्तान्तरण

**काठमाडौं (प्रस)–** नेपाल बार एसोसिएसनको नवनिर्वाचित कार्यसमितिलाई पदभार हस्तान्तरण गरिएको छ । प्रा.डा. विजयकान्त मिश्रको नेतृत्वमा नवनिर्वाचित कार्यसमितिलाई शनिबार एक समारोहबीच पदभार हस्तान्तरण गरिएको हो । बार एसोसिएसनले शनिबार यहाँ आयोजना गरेको वार्षिक साधारणसभा तथा पदभार हस्तान्तरण कार्यक्रममा निवर्तमान अध्यक्ष गोपालकृष्ण घिमिरेको कार्यसमितिले नयाँ कार्यसमितिलाई पदभार हस्तान्तरण गरेको थियो ।

बारको अध्यक्षसहित २७औं केन्द्रीय कार्यसमिति चयनका लागि गत चैत २३ गते निर्वाचन भएको थियो । उक्त निर्वाचनमा बृहत् लोकतान्त्रिक, प्रगतिशील, पेसागत, राष्ट्रवादी एवं समावेशी कानुन व्यवसायी समूहबाट वरिष्ठ अधिवक्ता मिश्र र व्यावसायिक कानुन व्यवसायी समूहबाट वरिष्ठ अधिवक्ता रमनकुमार श्रेष्ठबीच प्रतिस्पर्धा भएको थियो । उक्त निर्वाचनले बारमा २५ जना नयाँ कार्यसमिति चयन गरेको हो ।

पदभार हस्तान्तरण कार्यक्रममा नवनिर्वाचित अध्यक्ष मिश्रले नेपाल बारलाई राजनीतिबाट मुक्त तुल्याउने, वकिलहरूको पेसागत हकहितका लागि आवाज उठाउने साझा र बलियो संस्थाका रूपमा अघि बढाउने अभियानमा साथ सहयोगको अपेक्षा गरे । उनले भने, 'निर्वाचनका बेला जारी गरिएको घोषणपत्र कार्यान्वयन, संस्थालाई राजनीतिबाट मुक्त, गतिविधिलाई पारदर्शी र नतिजामूलक बनाउन नयाँ कार्यसमितिले ध्यान पुऱ्याउने छ ।'

अध्यक्षका प्रत्यासी श्रेष्ठले निर्वाचनमा राजनीतिक दल र सरकारको प्रत्यक्ष असर पर्न नहुने धारणा राखे । उनले बारका निर्णय तथा गतिविधिमा राजनीतिक दल र सरकारको प्रभाव परेमा वा त्यस प्रकारका गतिविधि भएमा स्वीकार्य नहुने बताए । श्रेष्ठले भने, 'बारले वकिलको हकहित र कतिपय सन्दर्भमा न्यायलयबारे उठ्दै आएको प्रश्नलाई स्वतन्त्रपूर्वक निष्कर्षमा पुऱ्याउन कोसिस गर्नुपर्छ ।'

वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा मन्तव्य राख्ने अन्य वक्ताले पुर्खाले आर्जेको प्रतिष्ठा र एकताको भावसहित निष्पक्ष वातावरणमा काम गर्न नयाँ कार्यसमितिलाई सुझाव दिए ।

# काठमाडौंका नदी सफा गर्न ठोस कार्यक्रम ल्याइने

**काठमाडौं (प्रस)–** उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले सरकारले काठमाडौंका नदी सफा गर्न ठोस कार्यक्रम ल्याउने बताएका छन् ।

काठमाडौंको वडा नं १० बुद्धनगरवासीद्वारा सञ्चालन गरिएको 'सके सफा गरौं नसके फोहोर त नगरौं' भन्ने नारासहितको बुद्धनगर सरसफाइ अभियानको १० वर्ष पूरा भएको उपलक्ष्यमा शनिबार यहाँ आयोजित कार्यक्रममा उनले नदी सफा गर्नका लागि नदीमा ढल मिसाउने अवस्थाको अन्त्य गर्नुपर्ने बताए ।

उपप्रधानमन्त्री सिंहले नदी सफा गर्नका लागि काठमाडौं उपत्यका विकास प्राधिकरण, बागमती सभ्यता एकीकृत विकास समितिलगायतसँग छलफल गर्ने र लगानीको लक्ष्य र उद्देश्यअनुरूप प्रतिफल प्राप्त नभएको पक्षलाई विश्लेषण गर्न जरुरी रहेकामा जोड दिए । उनले बुद्धनगरवासीले सानो भए पनि सकारात्मक कामलाई निरन्तरता दिएर रचनात्मक कामलाई जारी राखेको भनी अभियन्ता र सहभागीप्रति आभार प्रकट गर्दै बधाइ दिए । उनले उक्त अभियानमा आबद्ध हुन सबैलाई आह्वानसमेत गरे ।

उक्त अभियानबाट टोलवासीको मनमा सकारात्मक दियो बाल्ने प्रयास गरिएको र त्यो सफल भएको उल्लेख गर्दै मन्त्री सिंहले सरसफाइ अभियान २०७२ को भूकम्प अगाडि नै सुरु भई ५२२ हप्ता पूरा गरेको जानकारी दिए । कार्यक्रमका अभियन्ता संविधानसभाका पूर्वसदस्य मोहनकुमार राईले सार्थक परिवर्तनका लागि सानै काम गरौं भन्ने भावनाले प्रेरित भई बुद्धनगर सफाइ अभियान सञ्चालन गरेको र यसलाई १० वर्षसम्म निरन्तरता दिन सकिएको उनले बताए ।

थर्ड आई युथ क्लबका सुवास राईको समाजमा केही गरौं भन्ने भावनाबाट यो अभियान सुरु गरी यसलाई हालसम्म निरन्तरता दिइएकाले दुनियाँले के भन्छ भन्ने कुरामा नलागी आत्मसन्तुष्टिका लागि काम गरिएको बताए ।

यसअघि बुद्धनगरस्थित सेतो गणेशस्थानबाट सुरु भएको सरसफाइ कार्यक्रमका सभापति समाजसेवी सप्तराज बज्राचार्यले सहभागी सबैलाई सरसफाइलाई निरन्तरता दिइ १० वर्ष पूरा गरेकामा धन्यवाद दिए । कार्यक्रममा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, कांग्रेस नेतृ सृजना सिंह र नेपाली कांग्रेस क्षेत्र नं १ का सभापति रविन्द्रविक्रम राणालगायत सहभागी थिए ।


## एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८२/०१/०७ को प्रभाव राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिकीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०८२/०१/१४ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौ । प्रचलित कानूनको अधिनमा रही बैंकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ । गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण**

**१. ऋणीको नामः टु ब्रदर्श लिंकर्स** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा दर्ता रहेको) दर्ता नं.: १४१९/०७३/०७४, दर्ता मितिः २०७४/०२/१६, स्थायी लेखा नं.: ६०४८५२२३०, ठेगानाः चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ११ ।
**प्रोप्राईटरः**
**आकार श्रेष्ठः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३५-०१-७२-०००१५ (२०७२/०१/०२/चितवन), बाजेको नामः तोय नारायण श्रेष्ठ, बाबुको नामः हरी नारायण श्रेष्ठ, ठेगानाः चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १० ।
**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. हरी नारायण श्रेष्ठः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २६१७ (२०४३/०३/०५/चितवन), बाजेको नामः रघुविर श्रेष्ठ, बाबुको नामः तोय नारायण श्रेष्ठ, ठेगानाः चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ११ ।
**ख. पूनम श्रेष्ठः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २३०० (२०६३/१२/२६/पर्सा), बाबुको नामः सुन्दर सिंह प्रधान, ससुराको नामः तोय नारायण श्रेष्ठ, पतिको नामः हरी नारायण श्रेष्ठ, ठेगानाः चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ११ ।

**२. ऋणीको नामः इन्द्रेणी इन्टरप्राइजेज** **कर्जा शिर्षकः** डिमाण्ड कर्जा र क्यास क्रेडिट सुविधा
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा दर्ता रहेको) दर्ता नं.: ६४०/०६६/६७, दर्ता मितिः २०६७/०२/२६, स्थायी लेखा नं.: ३०३३६२२९४, ठेगानाः चितवन जिल्ला, रत्ननगर न.पा, वडा नं. १० ।
**प्रोप्राईटर तथा व्यक्तिगत जमातनकर्ताः**
**हरी नारायण श्रेष्ठः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २६१७ (२०४३/०३/०५/चितवन), बाजेको नामः रघुविर श्रेष्ठ, बाबुको नामः तोय नारायण श्रेष्ठ, ठेगानाः चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ११ ।
**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. आकार श्रेष्ठः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३५-०१-७२-०००१५ (२०७२/०१/०२/चितवन), बाजेको नामः तोय नारायण श्रेष्ठ, बाबुको नामः हरी नारायण श्रेष्ठ, ठेगानाः चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १० ।
**ख. पूनम श्रेष्ठः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २३०० (२०६३/१२/२६/पर्सा), बाबुको नामः सुन्दर सिंह प्रधान, ससुराको नामः तोय नारायण श्रेष्ठ, पतिको नामः हरी नारायण श्रेष्ठ, ठेगानाः चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ११ ।
**माथि उल्लेखित दुई ऋणीहरूको लिलाम हुने धितोको विवरणः**
**क.** तोय नारायण श्रेष्ठको नाति, हरी नारायण श्रेष्ठको छोरा, चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १० बस्ने **आकार श्रेष्ठ**को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, पंचकन्या गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. १६१०, १६०६ र १६११ को क्षेत्रफल क्रमशः २१३.९०, १६७.५० र २२४.९५ व.मि को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ख.** सुन्दर सिंह प्रधानको छोरी, तोय नारायण श्रेष्ठको बुहारी, हरी नारायण श्रेष्ठको पत्नी, चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ११ बस्ने **पूनम श्रेष्ठ**को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, पंचकन्या गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. १६०७ र १६१४ को क्षेत्रफल क्रमशः १६७.५० र १४२.०० व.मि को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**माथि उल्लेखित ऋणी इन्द्रेणी इन्टरप्राइजेजको लिलाम हुने धितोको विवरणः**
रघुविर श्रेष्ठको नाती, तोय नारायण श्रेष्ठको छोरा, चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ११ बस्ने **हरी नारायण श्रेष्ठ**को नाममा मालपोत कार्यालय भरतपुर, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, पंचकन्या गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. ४५० र ४५२ को क्षेत्रफल क्रमशः ०-१-१२$^{१/२}$ र ०-१-१२$^{१/४}$ विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**३. ऋणीको नामः जय लक्ष्मी सुनचाँदी गरगहना उद्योग** **कर्जा शिर्षकः** व्यापार कर्जा (आवधिक सुविधा)
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता रहेको), दर्ता नं.: ३८/२६५५, दर्ता मितिः २०७५/४/१५, स्थायी लेखा नं.: ६०८११२४७७, ठेगानाः नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४ ।
**प्रोप्राईटरः**
**गणेश विश्वकर्माः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७४१२७ (२०६१/४/३२/नवलपरासी), बाजेको नामः होम बहादुर विश्वकर्मा, बाबुको नामः वल बहादुर विश्वकर्मा, ठेगानाः नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं. ०४ ।
**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. लक्ष्मी विश्वकर्माः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३६३०५५/१२७१ (२०६३/११/११/नवलपरासी), बाबुको नामः धन बहादुर विश्वकर्मा, ससुराको नामः वल बहादुर विश्वकर्मा, पतिको नामः गणेश विश्वकर्मा, ठेगानाः नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ०४ ।
**ख. पदम बहादुर काउचाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४७८३७ (२०५५/०८/०८/नवलपरासी), बाजेको नामः पति प्रसाद काउचा, बाबुको नामः खग बहादुर काउचा, ठेगानाः नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ०६।
**लिलाम हुने धितोको विवरणः**
धन बहादुर विश्वकर्माको छोरी, वल बहादुर विश्वकर्माको बुहारी, गणेश विश्वकर्माको पत्नी, नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ०४ बस्ने **लक्ष्मी विश्वकर्मा**को नाममा मालपोत कार्यालय नवलपरासीको लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, माकर न.पा./गा.वि.स. वडा नं. ४/थ स्थित कि.नं. ७१४ को क्षेत्रफल ०-०-४$^{३/४}$ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**४. ऋणीको नामः गौरब ट्रेडर्स एण्ड सप्लायर्स** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा
(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग भीमदत्तनगर, कञ्चनपुरमा दर्ता रहेको) दर्ता नं.: १६१/०७२/०७३, दर्ता मितिः २०७२-०६-११, स्थायी लेखा नं.: ६०३६१०८४४, ठेगानाः कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ०१ ।
**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**
**गणेश ब. धामीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५३००७/४८७ (२०६३/११/१८/कञ्चनपुर), बाजेको नामः कल्यान धामी, बाबुको नामः परे धामी, ठेगानाः कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. ०१ ।
**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. करन बहादुर धामीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २२९७९७४२ (२०५९/०४/२१/कञ्चनपुर), बाजेको नामः कल्यान सिंह धामी, बाबुको नामः परे धामी, ठेगानाः कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. ०१ ।
**ख. पारबती धामीः** ना.प्र.प.नं. (जारी मिति/स्थान) ७५३००७/५१४ (२०६३/११/१८/कञ्चनपुर), बाबुको नामः उद्धव सिंह खड्का, ससुराको नामः परे धामी, पतिको नामः करन बहादुर धामी, ठेगानाः कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. ०१ ।
**ग. पुनम भट्टः** ना.प्र.प.नं. (जारी मिति/स्थान) ७५१००७/४८८९ (२०६६/०३/२८/कञ्चनपुर), बाबुको नामः शिवदत्त भट्ट, ससुराको नामः परे धामी, पतिको नामः गणेश ब. धामी, ठेगानाः कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. ०१ ।
**लिलाम हुने धितोको विवरणः**
**क.** कल्यान सिंह धामीको नाति, परे धामीको छोरा, कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. ०१ बस्ने **करन बहादुर धामी**को नाममा मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कन्चनपुर जिल्ला, दैजी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ८२६ र ८२९ को क्षेत्रफल क्रमशः १११९.६२ र २२८.७१ ब.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ख.** कल्यान धामीको नाति, परे धामीको छोरा, कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. ०१ बस्ने **गणेश ब. धामी**को नाममा मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कन्चनपुर जिल्ला, दैजी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ८२७ र ८३० को क्षेत्रफल क्रमशः ११७९.०५ र १६९.२९ ब.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**५. ऋणीको नामः सन्देश ईटा उद्योग** **कर्जा शिर्षकः** क्यास क्रेडिट, डिमाण्ड कर्जा र आवधिक कर्जा
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा दर्ता रहेको), दर्ता नं.: १०१/१०६२/०६३/०६४, दर्ता मितिः २०६४/१०/१४, स्थायी लेखा नं.:६०००२२७५६, ठेगानाः कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ८ हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ५ ।
**साझेदार तथा व्यक्तिगत जमानतकर्ताहरूः**
**क. सूर्य मोहन विश्वकर्माः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ११२४/४७६ (२०४६/०३/२६/कञ्चनपुर), बाजेको नामः कविराम विश्वकर्मा, बाबुको नामः पदम बहादुर विश्वकर्मा, ठेगानाः कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ३ ।
**ख. दुर्गा कुमारी विश्वकर्माः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५२०१ (२०५२/०२/१८/कञ्चनपुर), बाबुको नामः लाल बहादुर विश्वकर्मा, ससुराको नामः पदम बहादुर विश्वकर्मा, पतिको नामः सूर्य मोहन विश्वकर्मा, ठेगानाः कञ्चनपुर जिल्ला, कालीका गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ३ ।
**व्यक्तिगत जमानतकर्ताः**
**राज मोहन लामिछाने वि.क.:** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५-०२-७५-०४५२७ (२०७५/०३/०४/कञ्चनपुर), बाजेको नामः पदम बहादुर विश्वकर्मा, बाबुको नामः सूर्य मोहन विश्वकर्मा, ठेगानाः कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ३ ।
**लिलाम हुने धितोहरुको विवरणः**
लाल बहादुर विश्वकर्माको छोरी, पदम बहादुर विश्वकर्माको बुहारी, सूर्य मोहन विश्वकर्माको पत्नी, कञ्चनपुर जिल्ला, कालीका गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ३ बस्ने **दुर्गा कुमारी विश्वकर्मा**को नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्ननानुसारको धितो सम्पत्तिहरूः
**क.** कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा., वडा नं. ८ स्थित कि.नं. ५५७, १४२५, १६४८ र १७०९ को क्षेत्रफल क्रमशः ६७८.००, ३३८.६३, ३४०४.०८ र १०१५.८९ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ख.** कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा., वडा नं. २ स्थित कि.नं. ४३५ र ५९९ को क्षेत्रफल क्रमशः ५२५.०० र ५१०.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ग.** कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा., वडा नं. ७ स्थित कि.नं. ६३५ को क्षेत्रफल १६९३.१५ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
**घ.** कञ्चनपुर जिल्ला, वाइसी विचवा गा.वि.स./न.पा., वडा नं. ५ स्थित कि.नं. ९२५ को क्षेत्रफल १०००.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**६. ऋणीको नामः एभरेष्ट आई टि स्टोर** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा र बैंक जमानत
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु समिति डडेल्धुरामा दर्ता रहेको) दर्ता नं.: १२२/०६४/०६५, दर्ता मितिः २०६४/१०/२३, स्थायी लेखा नं.: ३०२७७६८८३, ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ ।
**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**
**महेश कठायतः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७८१ (२०६१/०८/२०/डडेल्धुरा), बाजेको नामः गजराज कठायत, बाबुको नामः नन्द लाल कठायत, ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ४ ।
**व्यक्तिगत जमानतकर्ताः**
**प्रिति बिष्ट (कठायत):** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७४१००१/१९८९ (२०६७/०६/११/डडेल्धुरा), बाबुको नामः खडक बहादुर बिष्ट, ससुराको नामः नन्द लाल कठायत, पतिको नामः महेश कठायत, ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ४ ।

**७. ऋणीको नामः घटाल ट्रेडिङ्ग एण्ड मल्टी बिजनेश सप्लायर्स** **कर्जा शिर्षकः** आवधिक कर्जा
(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, डडेल्धुरामा दर्ता रहेको), दर्ता नं.: २१४/२१६०/०७७/०७८, दर्ता मितिः २०७७/१०/१६, स्थायी लेखा नं.: ६१५०२०८१९, ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ ।
**प्रोप्राईटरः**
**प्रिति बिष्ट कठायतः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७४१००१/१९८९ (२०६७/०६/११/डडेल्धुरा), बाबुको नामः खडक बहादुर बिष्ट, ससुराको नामः नन्द लाल कठायत, पतिको नामः महेश कठायत, ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ४ ।
**व्यक्तिगत जमानतकर्ताः**
**महेश कठायतः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७८१ (२०६१/०८/२०/डडेल्धुरा), बाजेको नामः गजराज कठायत, बाबुको नामः नन्द लाल कठायत, ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ४ ।
**माथि उल्लेखित दुई ऋणीहरूको लिलाम हुने धितोको विवरणः**
गजराज कठायतको नाति, नन्द लाल कठायतको छोरा, डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ४ बस्ने **महेश कठायत**को नाममा मालपोत कार्यालय डडेल्धुराको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसार धितो सम्पत्तिहरूः
**(क)** डडेल्धुरा जिल्ला, खलङ्गा गा.वि.स./न.पा., वडा नं. १/ख स्थित कि.नं. २१४ को क्षेत्रफल ०-१२-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**(ख)** डडेल्धुरा जिल्ला, खलङ्गा गा.वि.स./न.पा., वडा नं. ६/ख स्थित कि.नं. १६७३ को क्षेत्रफल ०-५-०-२ रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### तीनकुने घटना नदोहोरियोस्

**केही समययता काठमाडौं आन्दोलनमय भएको छ । देशभरका शिक्षकहरू माइतीघर–नयाँबानेश्वर सडकमा १९ दिनदेखि लगातार आन्दोलनमा छन् । शिक्षा ऐन जारी गर्नुपर्नेलगायत विभिन्न माग राखेर आन्दोलनमा उत्रिएका उनीहरू सरकारले वार्तामा बोलाए पनि गएका छैनन् । सरकार ऐन जारी गर्न प्रतिबद्ध नदेखिएको भन्दै उनीहरूले आन्दोलनलाई निरन्तरता दिइरहेका छन् । यद्यपि, शुक्रबार शिक्षक महासंघका पदाधिकारीले प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटेर छलफल गरेका थिए । तर, उक्त छलफलबाट ठोस निष्कर्ष निस्कन सकेन । जसकारण शिक्षकहरूले शनिबार १८औं दिन पनि बबरमहल क्षेत्रमा प्रदर्शन गरे । आज पनि प्रदर्शन जारी रहने बताइएको छ ।**

**त्यसो त यो माइतीघर बबरमहल क्षेत्रमा कसै न कसैको आन्दोलन, धर्ना, विरोध प्रदर्शन भइनै राख्छ । लघुवित्तपीडित, सहकारी पीडितदेखि फरक–फरक मागसहित प्रदर्शन गर्नेहरू दिनहुँ भेटिन्छन् । यसरी निरन्तर आन्दोलन चलिरहने काठमाडौंमा आज गणतन्त्र विरोधी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले प्रदर्शन गर्दै छ । राप्रपाले आजको आन्दोलन निषेधित क्षेत्रमै गएर गर्ने घोषणा गरिसकेको छ । यता गृह मन्त्रालयले भने निषेधित क्षेत्रमा कुनै पनि विरोध प्रदर्श, जुलुसलगायतका कार्यक्रम नगर्न सचेत गराएको छ । प्रशासनको चेतावनीलाई राप्रपाले अस्वीकार गर्ने बताएको छ ।**

**गत चैत १५ मा तीनकुनेमा भएको राजावादी समूहको प्रदर्शन पनि निषेधित क्षेत्रमा प्रवेश गर्न खोज्दा हिंसात्मक बन्न पुगेको थियो । उक्त प्रदर्शनका क्रममा दुई जनाको ज्यानसमेत जाने स्थिति बन्यो । थुप्रै संख्यामा घाइते भए । निजी तथा सरकारी भवन तथा सवारीसाधनहरू जलाइए । उक्त घटनामा दोषी ठहर गर्दै प्रहरीले दुर्गा प्रसाईंसहित राप्रपा नेताहरू रवीन्द्र मिश्र र धवलशमशेर राणालगायतलाई पक्राउ गरेर हिरासतमा राखेको छ । राप्रपाले आफ्ना नेताहरू रिहाइको माग गर्दै आज प्रदर्शन गर्न लागेको हो ।**

**राप्रपाले निषेधित क्षेत्रमै गएर प्रदर्शन गर्ने घोषणा गरेपछि पुनः हिंसा भड्किने होइन ? भन्ने त्रास फैलिएको छ । सरकारले निषेधित क्षेत्रमा प्रदर्शन नगर्न सचेत गराउँदा पनि राप्रपा मान्ने पक्षमा देखिँदैन । दुवै पक्ष आ–आफ्नो अडानसहित आमनेसामने हुँदा फेरि हिंसा भड्किने अवस्था सिर्जना नहोस् । आन्दोलनरत पक्ष र प्रहरी दुवैतर्फबाट संयतमता अपनाउन जरुरी छ । तीनकुने हिंसा प्रकरण पुनः दोहोरिन नदिन सबै जिम्मेवार बनोस् ।**

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

#### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

#### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

#### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।


#### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

#### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# योग, आरोग्य र समृद्धि



■ एलपि भानु शर्मा

> योगको सरल, प्राकृतिक र मौलिक चरित्र हुन्छ । सरल यस अर्थमा कि योग जसले पनि गर्न सक्छ । यसमा कुनै जटिलता हुँदैन । हाम्रो शारीरिक संरचना नै योगको अभ्यास गर्ने गरी प्राकृतिकरूपमै निर्माण भएको छ । मौलिक यस अर्थमा कि योग हिमवत्खण्डबाट सिर्जित भएको विद्या हो । यो हाम्रो मौलिकता हो, सम्पत्ति हो र क्षमता पनि हो ।

योग एक पूर्ण मनुष्य बन्ने जीवन पद्दति हो । सर्वांगीण स्वास्थ्यको विज्ञान हो । योग प्रत्येक मनुष्यको सबै दुःखबाट मुक्तिको साधन हो । विगत केही वर्षयता विश्वमा योग विज्ञानको प्रभाव र अभ्यास गर्ने व्यक्तिहरूको संख्यामा निरन्तर वृद्धि भइरहेको छ । पृथ्वीका सबै मनुष्यहरूले अब योग र अध्यात्मको लाभ लिन सक्नुपर्छ । योग साधना हाम्रो प्राचीन सभ्यताको मौलिक उपज हो । योग हाम्रो प्राचीन ज्ञानशास्त्रको महत्त्वपूर्ण विधा हो र यसले मानिसको शरीर, मन र कर्मलाई एकै स्थानमा अवस्थित गर्दछ । मन, शरीर र कर्मको दूरी हटाई एकरसता प्रदान गर्नु योग हो ।

योग जीवन जोड्नु वा स्थापित गर्नु हो । जोड दुई चरणमा सम्भव छ । पहिलो आफूभित्र रहेका सम्भावना र क्षमतासँग जोड्नु हो । क्षमता र सम्भावना मुख्यतः स्वास्थ्यको सम्भावना र सुख, शान्ति, प्रेम, आनन्द, समृद्धिको सम्भावना हामीभत्र लुकेको हुन्छ । मानिसलाई जे सम्भावना दिएको छ, त्यसको भरपुर उपयोग गर्नु नै योग हो । दोस्रो योगको माग जसरी आफ्नो क्षमतासँग जोडिन चाहन्छ, अरुलाई आफ्नो क्षमता र सम्भावनालाई जोड्न मद्दत गर्नु योग हो । हामी हरेक व्यक्ति आन्तरिक र बाहच जीवन जिउन चाहन्छौं । योगको माध्यमबाट मात्रै आन्तरिक र बाहच जीवनलाई जोड्न सकिन्छ । जसले जोड्न पहल गर्छ, यसको जीवनमा नेतृत्वकलाको पनि विकास हुन्छ । हरेक व्यक्तिभित्र नेतृत्व क्षमता हुन्छ । त्यस्तो क्षमता भनेकै योग हो ।

योगको सरल, प्राकृतिक र मौलिक चरित्र हुन्छ । सरल यस अर्थमा कि योग जसले पनि गर्न सक्छ । यसमा कुनै जटिलता हुँदैन । हाम्रो शारीरिक संरचना नै योगको अभ्यास गर्ने गरी प्राकृतिकरूपमै निर्माण भएको छ । मौलिक यस अर्थमा कि योग हिमवत्खण्डबाट सिर्जित भएको विद्या हो । यो हाम्रो मौलिकता हो, सम्पत्ति हो र क्षमता पनि हो ।

योगलाई हामी प्रत्येक व्यक्तिले जीवन पद्दति बनाउन सक्नुपर्छ । यसलाई व्यक्तिगतरूपमा मात्र नभई सामाजिक र सरकारी तहबाटै आत्मसात् गर्नु आवश्यक छ । समाज स्वस्थ त्यतिखेर हुन्छ, जब हरेक व्यक्तिले योगलाई प्रयोग गर्छन् । जब हामी योगको पद्दतिमा प्रवेश गर्छौं, रोग, अभाव समाप्त भएर जान्छ र त्यसले स्वाभाविकरूपमा समृद्धि ल्याउँछ । हाम्रो योगको विज्ञान र विधिअनुसार अरुलाई सिकाउन थाल्यौं भने समृद्धि बढ्छ ।

योगले आफूलाई सक्रिय र सजग बनाउँछ, सम्बन्ध बढाउन ऊर्जा बढाउने काम गर्छ भने स्वतः भाइचाराको विकास हुन्छ, बन्धुत्वको भाव आत्मीय रूपमा विकास हुन्छ । योगलाई व्यापक अर्थमा प्रयोग गर्न सकिन्छ । योगको पहुँच नेपालमा भएका आयुर्वेदिक पद्दति, प्राकृतिक चिकित्साका पद्दतिसँग रहेको छ । हाम्रा अमूल्य जडीबुटीहरू, मठमन्दिर, ध्यान केन्द्रहरू, जात्रा-महोत्सवजस्ता धार्मिक सांस्कृतिक अवयवहरू योगसँग नै जोडिएका हुन्छन् । नेपाल सरकारले योगलाई स्वास्थ्य र कल्याणका लागि महत्त्वपूर्ण अभ्यासका रूपमा अघि सार्नु आवश्यक रहेको छ । विभिन्न विद्यालय, विश्वविद्यालय र समुदायस्तरमा योग अभ्यासलाई प्रोत्साहित गर्न सकिन्छ ।

#### नेपाल आरोग्य पर्यटनको गन्तव्य बन्न सक्छ

नेपाल योगको उत्पत्तिसँग जोडिएको देश मानिन्छ । योग प्राचीन वैदिक परम्पराबाट आएको हुनाले यसको जरा नेपाली समाज र धर्ममा गहिरो छ । विश्व समुदायमा नेपालले जहिले पनि शान्ति र आरोग्यको कामना गर्दै आएको छ । विश्वमा अहिले आरोग्य पर्यटन बढ्दो छ । यसको फाइदा नेपालले लिन सक्नुपर्छ । यसले मुलुकको समृद्धिको साथै विश्व शान्तिमा पनि नेपालले योगदान गर्न सक्दछ ।

नेपालजस्तो हिमाली देशमा योग पर्यटनलाई प्रवर्द्धन गरेर विदेशी पर्यटकलाई आकर्षित गर्ने ठूलो सम्भावना छ । नेपालसँग प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाको प्रशस्त सम्भावना छ । यी सबै सम्पदाहरू आरोग्यसँग जोडिएका छन् । एक अध्ययनले सन् २०३० सम्म विश्वव्यापीरूपमा पर्यटनको २० देखि २५ प्रतिशत हिस्सा आरोग्य पर्यटनले ओगट्ने देखाएको छ । त्यसैले नेपाललाई आरोग्य गन्तव्यको रूपमा विकास गर्न सकिएमा पर्यटनको माध्यमबाट ठूलो फाइदा लिन सकिन्छ । विगतमा जस्तो पर्यटनलाई नहेरी सरकारले आरोग्य पर्यटनको नेतृत्व लिनेगरी नीति, योजना र कार्यक्रमहरू बनाउनु आवश्यक छ । यसका लागि हामीसँग राम्रो क्षमता छ । आरोग्य पर्यटनबाटै मुलुकले अर्थतन्त्रको आधारविन्दुको रूपमा स्वीकार गरी घोषणा गरी अघि बढ्नुपर्छ । यसमा सरकार र निजी क्षेत्र दुवैको उत्तिकै भूमिका रहेको छ ।

अन्य पर्यटकको तुलनामा आरोग्य पर्यटकले ३० देखि ३५ प्रतिशत बढी खर्च गर्ने सन् २०२१ मा गरिएको एक अध्ययनले देखाएको छ । नेपालमा आउने पर्यटकहरू भनेको खासगरी आरोग्य पर्यटकहरू नै हुन् । यहाँको प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको स्वाद लिन नै उनीहरू आएका हुन्छन् । अब हामीले विधिवत्‌रूपमै छुट्टै गहिरो, प्रभावकारी अर्थतन्त्रमा टेवा पुग्नेगरी आरोग्य पर्यटनलाई विकास गर्नुपर्छ ।

आरोग्य पर्यटनको महत्त्व बुझेका देशहरूले यसलाई ब्राण्डिङ गर्न खोजिरहेका छन् । नेपालको मौलिकता यस्तो छ कि यसका लागि हामीले अलग्गै पूर्वाधार वा अन्य प्रयासहरू गर्न जरुरी छैन, नेपालको उत्पत्तिसँगै विकास भएर आएका छन्, मात्रै हामीले त्यसलाई व्यवस्थितरूपमा सञ्चालन गरे पुग्दछ । त्यसैले नेपाल भ्रमणमा आउने पर्यटकहरू सुन्दर भाव लिएर फर्किन्छन् । नेपाललाई उनीहरू स्वास्थ्य र शान्ति प्राप्त गर्न सकिने देशको रूपमा लिने गर्छन् । तसर्थ, नेपालले योगलाई सांस्कृतिक र ऐतिहासिकरूपमा महत्त्व दिनु पर्दछ ।

आज हामी ससाना समस्याहरूसँग पनि जुध्ने क्षमता गुमाइरहेका छौं । आफूभित्र रहेको अपार सम्भावनालाई खोज्न नसक्दा ठूलो युवा शक्ति विदेश पलायन भइरहेको छ । विदेशीहरूले हाम्रा होटल, होमस्टे, ध्यान केन्द्रहरूमा नै ठूलो ज्ञान शक्ति आर्जन गरिरहेका छन् ।

नेपालमा पनि राष्ट्रिय योग दिवस प्रत्येक वर्ष जुन २१ मा विविध कार्यक्रमहरूको आयोजना गरेर मनाइन्छ । यहाँको समाजमा यस दिनको विशेष प्रभाव छ । आफ्नो क्षमता जोडेर निर्णय गर्न सक्नु पनि योग हो । अब राजनीतिक विषयलाई लिएर प्रतिस्पर्धा, विरोध गर्ने होइन, योगको अभ्यास गरी आफू र राष्ट्रलाई समृद्ध हुनेतर्फ अग्रसर हुनु समयको आवश्यकता हो । योग दिवस नेपालमा स्वास्थ्य र आध्यात्मिकताको प्रवर्द्धनका साथै योगलाई राष्ट्रिय पहिचानका रूपमा स्थापित गर्ने अवसर हो । योगको महत्त्वका बारेमा जनचेतना अभिबृद्धि गर्ने र यसका सरल विधिहरूको जनसाधारणमा पहुँच पुऱ्याउने काममा यस दिवसलाई सबै तह र क्षेत्रले सार्थक बनाउनु पर्दछ । *रासस*

# दलप्रतिको वितृष्णाले उब्जाएको वितृष्णा



■ सुरेन्द्रराज आचार्य

भ्रष्टाचार देशको रोगजस्तै बनेको छ । सुशासनको निम्ति यसको अन्त्य हुन जरुरी छ । स्थानीय तहदेखि माथिसम्म नै भ्रष्टाचारले गाँजेको छ । त्यसकारण भ्रष्टाचारको अन्त्य गर्दै जनतालाई छिटोछरितो सेवासुविधा दिने काममा तीनै तहको सरकार लाग्नुपर्छ । सरकारले सोचेअनुरूप काम गर्न नसक्दा जनतामा अलिकति वितृष्णा पैदा भएको छ । अहिले सुशासन पनि फितलो बन्दै गएको छ । राजाको चाहना गरेर जनता त्यसतर्फ आकर्षित भएका होइन । दल र दलका नेताहरूको क्रियाकलापप्रति असन्तुष्टि पैदा भएको हो । नेताप्रतिको असन्तुष्टि पोख्ने ठाउँ राजसंस्था जस्तो देखिएको मात्रै हो । दलप्रतिको वितृष्णाले उब्जाएको वितृष्णा हो । आमजनताको चाहनाअनुसार देशको सत्ता, शासन, प्रशासन चलेको खण्डमा जनता सन्तुष्ट हुन्छन् । खाली पार्टीगत स्वार्थभन्दा पनि देशको हितमा देशको स्वार्थको निम्ति काम गरियो भने टिकाउ हुन्छ । नेताहरूले पार्टी र कार्यकर्ताका लागिमात्रै सोच्ने हो भने दीर्घकालीनरूपमा राम्रो प्रभाव दिँदैन ।

देशभित्रै रोजगारीको सिर्जना गर्न सकेको खण्डमा मात्रै युवा पलायन रोक्न सकिन्छ जस्तो लाग्छ । अहिले खाडीमुलुक जाने र अध्ययनको सिलसिलामा जाने लहर चलेको छ । आफ्नै देशमा रोजगारीको अवसर नभएका कारण यो अवस्था आएको हो । यसको न्यूनीकरण गर्न शिक्षामा सुधार गर्दै उद्योग कलकारखानाको व्यवस्था गर्नुपर्छ । देशभित्र रोजगारीको सवालमा विस्तृतरूपमा अध्ययन गरेर आफ्नै स्रोत-साधनबाट रोजगारी सिर्जना गर्नुपर्छ । हाम्रो देश पर्यटनको सवालमा धनी छ । पर्यटनको सम्भावना भएका ठाउँमा सबैखाले विकास गरेर पर्यटनबाट रोजगारी सिर्जना गर्न पनि सकिन्छ । त्यसतर्फ युवालाई आकर्षण गर्नुपर्छ । युवाशक्ति पलायन हुने राम्रो संकेत पक्कै पनि होइन ।

वास्तवमा संघीयता आइसकेपछि संविधानमा केही संशोधन गर्नुपर्ने आवश्यकता छ । संविधानमा केही नमिलेका कुरा मिलाउनुपर्ने छ । संविधान संशोधन एउटा सिंगो कांग्रेसलेमात्रै गर्न सक्ने कुरा होइन । संशोधनका लागि सबै दलहरू मिल्नुपर्ने छ । जतनाको चाहनाअनुसार देशको संविधान, ऐन/कानुन, नीति नियम बन्नुपर्छ । प्रदेशमा पर्याप्त कानुन बन्न नसक्दा काम गर्न समस्या भएको छ । आवश्यक कानुन बन्न नसक्दा संघ, प्रदेश र स्थानीय तहको अधिकार बाझिएको छ । निजामती कर्मचारी र प्रहरी प्रशासन सञ्चालन, कर्मचारीको सरुवामा समस्या पैदा भएको छ । कानुन बन्न नसक्दा विकासको कामले पनि गति लिन सकेको छैन । यी सबै विषयलाई सुधार गरेर समयसापेक्ष लैजानुपर्ने छ । हामीले संघीयता दिऔं । तर त्यसअनुसार कानुन नबन्दा समस्या देखिएको छ । समानुपातिक प्रणालीप्रति पनि जनता त्यति सन्तुष्ट देखिएका छैनन् ।

सदनमा जनताका सवाल नउठ्ने होइन उठ्छन् । तर त्यसअनुसार सरकार गम्भीर भएर लागेको पाइँदैन । संसद्मा विषय उठाउनेमात्रै काम भएको छ । तर कार्यान्वयन फितलो छ । सांसदले समयसापेक्ष सदनमा उठाएका विषयलाई गम्भीरतापूर्वक लिएको देखिँदैन । अहिलेको सरकारको प्रमुख प्राथमिकता भनेको संविधान संशोधन पनि हो । त्यसका लागि सिंगो संसद् एक हुनुपर्छ । तर अहिलेको राजनीतिक परिस्थिति पनि त्यति ठीक छैन । जनता पहिलाको जस्तो छैनन् ।

अहिलेका जनता सचेत छन् । त्यसकारण जनताको चाहनाअनुसार संशोधन गर्नुपर्ने छ । जनताको भावनाअनुसार राज्य, सरकार र जनप्रतिनिधि चलेनन् भने जनताको निराशा बढ्दै जाने देखिन्छ । हामीले संविधान बनाऔं । तर संविधानमा भएका केही कमिकमजोरी समयसापेक्ष सुधार गरेर जान सकेका छैनौं । देशको संविधान परिवर्तन नै गर्न नसक्ने भन्ने होइन । तर जहाँजहाँ कमिकमजोरी छन्, त्यसलाई सुधार गरेर जाने हो भने परिणाम पनि राम्रो दिन्छ । तर उही पुरानै शैलीमा लाग्न खोजियो भने संविधानप्रति जनताको वितृष्णा आउन सक्छ । त्यो भोलि थेग्न नसक्ने अवस्था पनि आउन सक्छ ।

कपिलवस्तु जिल्लामा त्यति धेरै उद्योगधन्दा, कलकारखाना छैन । कपिलवस्तुको मुख्य पेसा भनेको कृषि पेसा हो । त्यसका लागि समयमै सिँचाइ र मलखादको प्रर्याप्तता हुन जरुरी छ । कपिलवस्तुमा जमिनको चक्लाबन्दी भयो भने किसानले एकै ठाउँमा सिँचाइ र तारबारको प्रन्बन्ध गर्न सक्ने थिए । सिँचाइ मन्त्रालयले एउटा बोरिङ दिन्छ । एउटा टयुबेल दिन्छ । त्यो किसानले एउटा खेतमा गाडेको हुन्छ । तर उस्को खेत साना-साना गरी १० ठाउँमा हुन्छ । त्यसले गर्दा यहाँको उब्जनीमा घाटा हुँदै गएको छ । एउटा खेतमा सिँचाइ हुँदा अर्को खेत बाँझै रहने हुन्छ ।

अहिले कपिलवस्तुका जनताको माग भनेको चक्लाबन्दी जग्गा हुनुपर्ने हो । त्यसो गर्न सकेको खण्डमा किसान कृषिप्रति आकर्षित गर्न सकिन्छ । यो समस्या कपिलवस्तुको मात्रै होइन । देशैभरिका किसानको माग हो । यो कुरा मैले संसद्मा पनि पटक-पटक उठाएको छु । फेरि पनि यो समस्या उठाउन आवश्यक छ । तराईका जिल्लाको मुख्य समस्या नै यही छ अहिले । अहिलेको समस्या भनेको जनतालाई रोजगारी दिन नसक्नु हो । सडक, पुल निर्माण गर्ने हो । जनताको शिक्षा, स्वास्थ्य समस्या मुख्य कुरा हो । त्यसतर्फ ध्यान दिने अबको मेरो योजना छ ।

*(प्रतिनिधिसभा सदस्य आचार्यसँग राससले गरेको कुराकानीमा आधारित)*

# कर्णालीमा पाँच हजारभन्दा बढी उद्योग खारेजी

**काँक्रेविहार (सुर्खेत)**– कर्णाली प्रदेशका १० जिल्लामा पाँच हजारभन्दा बढी उद्योग खारेजीमा परेका छन् । उद्योग दर्ता गरेर नियमित सञ्चालन नगरेका कारण पाँच हजार ३६३ उद्योग खारेजीमा परेको उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेतका प्रमुख देवीलाल सापकोटाले बताए ।

खारेजीमा सबैभन्दा बढी दैलेखमा स्थापना गरिएका उद्योग छन् । दैलेखमा एक हजार ६७५ वटा उद्योग खारेज भएका छन् । दोस्रो खारेजीमा पर्नेमा सुर्खेत छ । सुर्खेतमा एक हजार ४५५ वटा खारेज भएका छन् । कालिकोटमा ४७८, जुम्लामा ५८७, मुगुमा २१, सल्यानमा ५०२, जाजरकोटमा ४२७, डोल्पामा ५१ वटा उद्योग खारेज भएका छन् । त्यस्तै हुम्लामा नौ र रुकुमपश्चिममा १५८ वटा उद्योग खारेज गरिएका छन् ।

कर्णालीका १० जिल्लामा ४३ हजार ६७८ उद्योग दर्ता भएकामा सबैभन्दा बढी सुर्खेतमा दर्ता गरिएका थिए । सुर्खेतमा मात्र १४ हजार २६५ वटा उद्योग दर्ता भएको निर्देशनालयले जनाएको छ । हाल यहाँ एक हजार ३४१ उद्योगमात्र नवीकरण भएका छन् । दैलेखमा चार हजार ७४८ उद्योग दर्ता गरिएकामा हालसम्मा तीन हजार ५९१ उद्योगको नवीकरण गरिएको छ । कालिकोटमा दुई हजार ८३७ उद्योग दर्ता भएकामा हाल एक हजार ९३६ वटामात्र उद्योग नवीकरण गरिएको छ ।

यसैगरी, जुम्लामा चार हजार ३८६ वटा उद्योग दर्ता भएकामा दुई हजार ३५७ वटा मात्र नवीकरण भएको कार्यालय प्रमुख सापकोटाले बताए । मुगुमा दुई हजार २३ वटा उद्योग रहेकामा हाल ४५० वटा मात्र नवीकरण भएका छन् । सल्यानमा तीन हजार ६६३ वटा उद्योग रहेकामा तीन हजार २१७ वटामात्र सञ्चालनमा रहेको निर्देशनालयले जानकारी दिएको छ । जाजरकोटमा तीन हजार ६८ दर्ता भएकामा एक हजार ८९७ वटामात्र सञ्चालनमा रहेको पाइएको छ ।

त्यसैगरी, डोल्पामा दुई हजार २३६ उद्योग दर्ता भएकामा हाल ९२२ मात्र नवीकरण भएको निर्देशनालयले जनाएको छ । हुम्लामा तीन हजार ७१९ वटा उद्योग दर्ता भएकामा हाल आएर ७३६ वटामात्र नवीकरण गरिएको छ ।

रुकुमपश्चिममा दुई हजार ७३३ उद्योगमा दुई हजार २५० उद्योगमात्र सञ्चालनमा रहेको उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेतको तथ्यांकमा उल्लेख छ । एक लाख २१ हजार ५५५ जनाले यी दर्ता भएका उद्योगबाट रोजगारी पाएको निर्देशनालयले जनाएको छ । *रासस*


**बीमालेख हराएको सूचना**

*प्रकाशित मिति : २०८२/०१/०७*

सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सबाट जारी भएको निम्न व्यहोराको बीमालेख भक्तपुर सुर्यविनायकबाट मितिः २०८१/१२/०३ गते हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम** : **निम लाल तामाङ**
**ठेगाना** : जुगल-७, हगाम, सिन्धुपाल्चोक (हाल सुर्यविनायक-६, भक्तपुर)
**बीमालेख नम्बर** : ३६०००००००००७१
**फोन नम्बर** : ९७०३२८४४४२
**कम्पनी** : सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स


# बागलुङका चार पालिकामा क्षयरोग मुक्त अभियान

**बागलुङ (प्रस)**– बागलुङका चारवटा पालिकामा क्षयरोगमुक्त अभियान सञ्चालन गरिएको छ । क्षयरोग पत्ता लगाउने, सर्ने दर न्यूनीकरण गर्ने र पत्ता लागेका क्षयरोगीलाई उपचार गरेर क्षयरोग मुक्त पालिका निर्माणका लागि जिल्लाका १० पालिकामध्ये बागलुङ नगरपालिका, गलकोट नगरपालिका, बडिगाड गाउँपालिका र काठेखोला गाउँपालिकामा क्षयरोग मुक्त अभियान थालिएको छ ।

गत वर्ष बडिगाड र गलकोटमा थालिएको अभियान यस वर्ष थप गरेर बागलुङ नगरपालिका र काठेखोला गाउँपालिकामा पुर्‍याइएको हो । नेपाल सरकारले क्षयरोगमुक्त पालिका घोषणा कार्यविधिअनुसार चार पालिकामा क्षयरोगमुक्त अभियानअर्न्तगतका विभिन्न कार्यक्रम सञ्चालन भइरहेको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका क्षयरोग निरीक्षक देवप्रकाश घिमिरेले जानकारी दिए ।

'क्षयरोग सरुवा रोग भएकाले सर्ने दर घटाउन सक्नु नै मुख्य अभियान हो जसका लागि क्षयरोगी पत्ता लगाउँदै उपचार गर्दै जानुपर्दछ, क्षयरोगसम्बन्धी सचेतना मुख्य कुरा हो, अभियानले क्षयरोगी पत्ता लगाउने दर बढेको छ, क्षयरोगी पत्ता लगाउँदै उपचार गर्दै गएपछि क्षयरोगी दिगो रूपमा कम हुँदै जान्छन्,' घिमिरेले भने, 'चालु आर्थिक वर्षमा नै जिल्लामा २०३ क्षयरोगी पत्ता लगेका छन्, उनीहरूले औषधि सेवन गर्नाले क्षयरोग अरुमा सर्दैन र निर्मूलनमा सहयोग पुग्दछ ।'

क्षयरोगमुक्त अभियान सञ्चालन भएको बडिगाड गाउँपालिकामा गत वर्ष १३३ जनामा क्षयरोग पत्ता लागेको थियो । बडिगाडमा अहिले क्षयरोगीको संख्या घटेर ४३ जनामा आइपुगेको छ भने क्षयरोगीको सर्वेक्षण गर्नेक्रम जारी छ । यस्तै गलकोट नगरपालिकामा ३१ सक्रिय क्षयरोगी, बागलुङ नगरपालिकामा ३० सक्रिय क्षयरोगी रहेको तथ्यांकमा उल्लेख गरिएको छ ।

चार पालिकामा अहिले एआई प्रविधिबाट क्षयरोग पत्ता लगाउने कार्यलाई तीव्रता दिइएको छ भने पालिकामा क्षयरोग संयोजक तोकिएको छ । पालिका प्रमुखको अध्यक्षतामा क्षयरोगमुक्त समन्वय समिति, वडास्तरीय समिति गठन गर्ने कार्य भइरहेको छ ।

ढोरपाटन नगरपालिकामा क्षयरोगमुक्त अभियान नचले पनि क्षयरोग पत्ता लगाउनका लागि एक्सरेमार्फत परीक्षण भने भइरहेको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले जनाएको छ । क्षयरोगमुक्त अभियानका लागि स्वास्थ्य शाखामा एकाइ गठन गर्ने, पालिकास्तरीय क्षयरोग मुक्त अभियान समन्वय समति गठन गर्ने र वडामा वडास्तरीय समिति गठन गरिने छ ।

क्षयरोग पत्ता लगाउने, उपचार गर्ने, सर्ने दर घटाउने, रोकथाम गर्ने र मृत्युदर कम गरेर शून्यमा क्षयरोगी झार्नका लागि अभियान सक्रिय भएको बागलुङ नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनालले जानकारी दिए । नगरपालिकाका १४ वडामध्ये १२ वटा वडामा सूक्ष्म योजना निर्माण कार्य सम्पन्न भइसकेको खनालले जानकारी दिए । सन् २०३५ भित्र क्षयरोग निवारण गर्ने लक्ष्य राखेको नेपाल सरकारले खोजी अभियानलाई तीव्रता दिइएको छ ।


## नारायणी डेभलपमेन्ट बैंक लि.
## Narayani Development Bank Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

Bharatpur-10, Chitwan, Nepal
Tel.: +977-56-590011/590012/590013
www.ndbl.com.np, info@ndbl.com.np

# Unaudited Financial Results (Quarterly)

## As on Third Quarter (31/12/2081) for F.Y. 2081/82

### Condensed Consolidated Statement of Financial Position

As on Quarter ended 31st Chaitra, 2081 (Amount in NPR, Full Figure)

| Particulars | Group: This Quarter Ending | Group: Immediate Previous Year Ending (Audited) | Bank: This Quarter Ending | Bank: Immediate Previous Year Ending (Audited) |
|---|---|---|---|---|
| **Assets** | | | | |
| Cash and Cash Equivalent | 75,452,641 | 264,049,666 | 75,452,641 | 264,049,666 |
| Due from Nepal Rastra Bank | 43,698,969 | 48,488,766 | 43,698,969 | 48,488,766 |
| Placement with Banks and FIs | - | - | - | - |
| Derivative Financial Instruments | - | - | - | - |
| Other Trading Assets | - | - | - | - |
| Loans and Advances to Banks and FIs | - | - | - | - |
| Loans and Advances to Customers | 240,627,686 | 264,397,015 | 240,627,686 | 264,397,015 |
| Investment Securities | 45,879,547 | 47,153,554 | 45,879,547 | 47,153,554 |
| Current Tax Assets | 10,796,566 | 10,344,772 | 10,796,566 | 10,344,772 |
| Investment in Subsidiaries | - | - | - | - |
| Investment in Associates | - | - | - | - |
| Investment Property | 36,132,137 | 14,281,137 | 36,132,137 | 14,281,137 |
| Property and Equipment | 34,273,180 | 30,649,123 | 34,273,180 | 30,649,123 |
| Goodwill and Intangible Assets | 5,553,815 | 7,299,826 | 5,553,815 | 7,299,826 |
| Deferred Tax Assets | 29,072,386 | 38,787,446 | 29,072,386 | 38,787,446 |
| Other Assets | 14,667,118 | 10,775,599 | 14,667,118 | 10,775,599 |
| **Total Assets** | **536,154,045** | **736,226,905** | **536,154,045** | **736,226,905** |
| **Liabilities** | | | | |
| Due to Banks and FIS | - | - | - | - |
| Due to Nepal Rastra Bank | - | - | - | - |
| Derivative Financial Instruments | - | - | - | - |
| Deposit from Customers | 435,063,396 | 631,521,022 | 435,063,396 | 631,521,022 |
| Borrowings | - | - | - | - |
| Current Tax Liabilities | - | - | - | - |
| Provisions | - | - | - | - |
| Deferred Tax Liabilities | - | - | - | - |
| Other Liabilities | 52,230,150 | 46,710,411 | 52,230,150 | 46,710,411 |
| Debt Securities Issued | - | - | - | - |
| Subordinated Liabilities | - | - | - | - |
| **Total Liabilities** | **487,293,547** | **678,231,434** | **487,293,546** | **678,231,434** |
| **Equity** | | | | |
| Share Capital | 262,467,600 | 262,467,600 | 262,467,600 | 262,467,600 |
| Share Premium | 10,101,374 | 10,101,374 | 10,101,374 | 10,101,374 |
| Retained Earnings | (429,182,174) | (411,508,978) | (429,182,174) | (411,508,978) |
| Reserves | 205,473,698 | 196,935,475 | 205,473,698 | 196,935,475 |
| **Total Equity Attributable to Equity Holders** | **48,860,498** | **57,995,470** | **48,860,498** | **57,995,470** |
| Non Controlling Interest | - | | | |
| **Total Equity** | **48,860,498** | **57,995,470** | **48,860,498** | **57,995,470** |
| **Total Liabilities and Equity** | **536,154,045** | **736,226,905** | **536,154,045** | **736,226,905** |

### Condensed Consolidated Statement of Profit and Loss

As on Quarter ended 31st Chaitra, 2081 (Amount in NPR, Full Figure)

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Interest income | 10,749,000 | 30,396,261 | 13,687,118 | 40,043,877 | 10,749,000 | 30,396,261 | 13,687,118 | 40,043,877 |
| Interest expense | 7,161,371 | 29,175,492 | 11,663,782 | 33,574,594 | 7,161,371 | 29,175,492 | 11,663,782 | 33,574,594 |
| **Net interest income** | **3,587,629** | **1,220,769** | **2,023,336** | **6,469,283** | **3,587,629** | **1,220,769** | **2,023,336** | **6,469,283** |
| Fee and commission income | 214,909 | 451,452 | 81,006 | 461,976 | 214,909 | 451,452 | 81,006 | 461,976 |
| Fee and commission expense | - | - | - | - | - | - | - | - |
| **Net fee and commission income** | **214,909** | **451,452** | **81,006** | **461,976** | **214,909** | **451,452** | **81,006** | **461,976** |
| **Net interest, fee and commission income** | **3,802,538** | **1,672,221** | **2,104,342** | **6,931,259** | **3,802,538** | **1,672,221** | **2,104,342** | **6,931,259** |
| Net trading income | - | - | - | - | - | - | - | - |
| Other operating income | 796,400 | 1,561,882 | - | - | 796,400 | 1,561,882 | - | - |
| **Total operating income** | **4,598,938** | **3,234,103** | **2,104,342** | **6,931,259** | **4,598,938** | **3,234,103** | **2,104,342** | **6,931,259** |
| Impairment charge/(reversal) for loans and other losses | 1,503,553 | (29,516,723) | (6,187,540) | (23,088,997) | 1,503,553 | (29,516,723) | (6,187,540) | (23,088,997) |
| **Net operating income** | **3,095,385** | **32,750,826** | **8,291,882** | **30,020,256** | **3,095,385** | **32,750,826** | **8,291,882** | **30,020,256** |
| Operating expense | - | - | - | - | - | - | - | - |
| Personnel expenses | 4,610,757 | 14,741,043 | 4,849,137 | 15,559,568 | 4,610,757 | 14,741,043 | 4,849,137 | 15,559,568 |
| Other operating expenses | 5,157,495 | 15,112,549 | 4,764,484 | 13,758,410 | 5,157,495 | 15,112,549 | 4,764,484 | 13,758,410 |
| Depreciation & Amortization | 1,411,638 | 4,227,733 | 1,673,370 | 4,973,603 | 1,411,638 | 4,227,733 | 1,673,370 | 4,973,603 |
| **Operating Profit** | **(8,084,505)** | **(1,330,498)** | **(2,995,110)** | **(4,271,325)** | **(8,084,505)** | **(1,330,498)** | **(2,995,110)** | **(4,271,325)** |
| Non operating income | - | - | - | - | - | - | - | - |
| Non operating expense | - | 1,956,269 | - | - | - | 1,956,269 | - | - |
| **Profit before income tax** | **(8,084,505)** | **(3,286,767)** | **(2,995,110)** | **(4,271,325)** | **(8,084,505)** | **(3,286,767)** | **(2,995,110)** | **(4,271,325)** |
| Income tax expense | - | - | - | - | - | - | - | - |
| Current Tax | - | - | - | - | - | - | - | - |
| Deferred Tax | 19,398,731 | 9,387,894 | - | - | 19,398,731 | 9,387,894 | - | - |
| **Profit for the period** | **(27,483,236)** | **(12,674,661)** | **(2,995,110)** | **(4,271,325)** | **(27,483,236)** | **(12,674,661)** | **(2,995,110)** | **(4,271,325)** |

### Condensed Consolidated Statement of Other comprehensive income

As on Quarter ended 31st Chaitra, 2081 (Amount in NPR, Full Figure)

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| **Profit or loss for the year** | **(27,483,236)** | **(12,674,661)** | **(2,995,110)** | **(4,271,325)** | **(27,483,236)** | **(12,674,661)** | **(2,995,110)** | **(4,271,325)** |
| **Other comprehensive income a) Items that will not be reclassified to Profit or loss** | | | | | | | | |
| ▪ Gains/(losses) from Investments in equity instruments measured at fair value | 148,251 | 1,090,553 | 610,985 | (4,010,077) | 148,251 | 1,090,553 | 610,985 | (4,010,077) |
| ▪ Gains/(losses) on revaluation | - | | - | - | - | - | - | - |
| ▪ Actuarial gains/(losses) on defined benefit plans | - | | - | - | - | - | - | - |
| ▪ Income tax relating to above items | (44,475) | (327,166) | (183,295) | 1,203,023 | (44,475) | (327,166) | (183,295) | 1,203,023 |
| **Net other comprehensive income that will not be reclassified to profit or loss** | **103,775** | **763,387** | **427,689** | **(2,807,054)** | **103,775** | **763,387** | **427,689** | **(2,807,054)** |
| **b) Items that are or may be reclassified to profit or loss** | | | | | | | | |
| ▪ Gains/(losses) on cash flow hedge | - | - | - | - | - | - | - | - |
| ▪ Exchange gains/(losses) (arising from translating financial assets of foreign operation) | - | - | - | - | - | - | - | - |
| ▪ Income tax relating to above items | - | - | - | - | - | - | - | - |
| ▪ Reclassify to profit or loss | - | - | - | - | - | - | - | - |
| **Net other comprehensive income that are or may be reclassified to profit or loss** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** |
| **c) Share of other comprehensive income of associate accounted as per equited method** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** |
| **Other comprehensive income for the period, net of income tax** | **103,775** | **763,387** | **427,689** | **(2,807,054)** | **103,775** | **763,387** | **427,689** | **(2,807,054)** |
| **Total comprehensive income for the period** | **(27,379,460)** | **(11,911,274)** | **(2,567,420)** | **(7,078,379)** | **(27,379,460)** | **(11,911,274)** | **(2,567,420)** | **(7,078,379)** |
| Basic earning per share | (4.83) | (4.83) | (1.63) | (1.63) | (4.83) | (4.83) | (1.63) | (1.63) |
| Diluted earning per share | (4.83) | (4.83) | (1.63) | (1.63) | (4.83) | (4.83) | (1.63) | (1.63) |
| Profit attributable to: | | | | | | | | |
| Equity holders of the Bank | (27,379,460) | (11,911,274) | (2,567,420) | (7,078,379) | (27,379,460) | (11,911,274) | (2,567,420) | (7,078,379) |
| Non-controlling interest | | | | | | | | |
| **Profit for the period** | **(27,379,460)** | **(11,911,274)** | **(2,567,420)** | **(7,078,379)** | **(27,379,460)** | **(11,911,274)** | **(2,567,420)** | **(7,078,379)** |

### Statement of Distributable Profit or Loss

As on Quarter ended 31st Chaitra, 2081 — Amount in full figure

| Particulars | Amount |
|---|---|
| **Net Profit for the period end Chaitra, 2081** | **(12,674,661)** |
| **Net profit or (loss) as per statement of profit or loss** | |
| **Appropriations:** | |
| a. General reserve | - |
| b. Foreign exchange fluctuation fund | - |
| c. Capital redemption reserve | - |
| d. Corporate social responsibility fund | - |
| e. Employees' training fund | - |
| f. Other | - |
| **Profit or (loss) before regulatory adjustment** | **(12,674,661)** |
| Regulatory adjustment (if any) | - |
| **Distributable profit or (loss)** | **(12,674,661)** |

### Ratio as per NRB Directives Third Quarter

As on Quarter ended 31st Chaitra, 2081

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Capital Fund To RWA | -1.14% | -1.14% | 10.55% | 10.55% | -1.14% | -1.14% | 10.55% | 10.55% |
| Non Performing Loan (NPL) To Total Loan | 44.96% | 44.96% | 31.77% | 31.77% | 44.96% | 44.96% | 31.77% | 31.77% |
| Total Loan Loss provision To Total NPL | 72.44% | 72.44% | 93.00% | 93.00% | 72.44% | 72.44% | 93.00% | 93.00% |
| Total Loan Loss provision To Total Loan | 32.57% | 32.57% | 29.52% | 29.52% | 32.57% | 32.57% | 29.52% | 29.52% |
| Cost of Fund | 6.29% | 6.29% | 7.34% | 7.34% | 6.29% | 6.29% | 7.34% | 7.34% |
| Credit To Deposit Ratio | 81.06% | 81.06% | 73.62% | 73.62% | 81.06% | 81.06% | 73.62% | 73.62% |
| Base Rate | 15.51% | 15.51% | 15.09% | 15.09% | 15.51% | 15.51% | 15.09% | 15.09% |
| Interest Spread | 4.49% | 4.49% | 4.47% | 4.47% | 4.49% | 4.49% | 4.47% | 4.47% |

**Notes to NFRS Compliant Financial Statement**

- The above financial statement has been prepared in accordance with Nepal Financial Reporting standards (NFRS) and in the format prescribed by Nepal Rastra Bank.
- **Recognition of Impairment Charges on Loans and Advances**
  The Bank, following regulatory backstop as mentioned in Clause 16 of "NFRS 9- Expected Credit Loss Related Guidelines, 2024" has recognized impairment on credit exposures as the HIGHER of total ECL calculated as per NFRS 9 and existing regulatory provisions as mentioned in Unified NRB Directives no 02.
  The higher, i.e. 114,868,832 as per Unified NRB Directives no 02 has been taken in account for impairment loss on loan and advances for the reporting period.
- Provision for gratuity and leave has been provided based on estimation by management and hence actuarial gain/loss has not been separately disclosed and will change as per actuary report.
- The above figures are subject to change upon otherwise instruction from statutory auditors and/or regulatory authorities.
- Detailed Financial Report is uploaded in the website of the bank (www.ndbl.com.np).
- Previous period figures have been regrouped / rearranged/ restated wherever necessary.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनूसुची १४ नियम २६ को उपनियम (१) संग सम्बन्धित**

## आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**

(क) त्रैमासीक अवधीको वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

**(ख) प्रमुख वित्तीय अनुपातहरु :**

| | | |
|---|---|---|
| प्रतिशेयर आम्दानी : रु. (४.८३) | मूल्य आम्दानी अनुपात : (रु.३७२.२८ ) | प्रतिशेयर नेटवर्थ : रु. १८.६२ |
| प्रतिशेयर कूल सम्पत्तिको मूल्य : रु. २०४.२७ | तरलता अनुपात : २८.३१% | पुंजीकोष अनुपात : (१.१४%) |

**२. व्यवस्थापकीय विश्लेषण**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :** समीक्षा अवधिमा अर्थतन्त्रमा देखिएको तरलता संकुचन, व्यावसायिक कारेवारमा आएको मन्दीका कारणले अपेक्षित रुपमा बैंकको निक्षेप तथा कर्जा लगानीमा बृद्धी हुन नसकेतापनी क्रमश सुधार हुदै गएको छ । ।

ख) आगामी अवधिको लागि व्यवसायिक योजना साथै दिगो आर्थिक विकासको लागि बैंकले विश्वसनीय तबरबाट विशुद्ध बैंकिङ सुविधा प्रदान गर्दै तथा सरोकारवालाहरुको हितको पनि संरक्षण गर्दै जानेछ ।

ग) बैंकको केही कर्जाहरुको असुली समयमै हुन नसकेकोले नोक्सानी व्यवस्था बढ्न गई पूँजीकोष घट्न गएको छ । घरजग्गा जस्ता मूल्यवान धितोले सुरक्षित भएका यी कर्जाहरु असुलीको प्रक्रियामा रहेको र असुली हुने वित्तिकै पूँजीकोष पर्याप्तताको पालना हुन्छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण**

(क) यस त्रैमासिक अवधिमा यस बैंकको Sytem interfere गरेर अवैध रुपमा ठगी गरेको उपयोगमा हेटौंडा उच्च अदालतमा चलिरहेको मुद्दा बाहेक बैंकले वा बैंकको विरुद्धमा कुनै मुद्धा दायर गरेको छैन ।

(ख) बैंकको संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा गरेको सम्बन्धमा बैंक समस्याग्रस्त घोषणा हुदाका बखतमानै मुद्दा दायर भई सम्मानित अदालतमा बिचाराधिन अवस्थामा रहेको छ ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भई कारोवार भैरहेको छ । शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हूँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ । तर प्रचलित कानून अनूसार लगानीकर्ता तथा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउन पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।

ख) यस विकास बैंकको त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :

| महिना | कारोबार संख्या | कारोबार रकम रु | कारोबार भएको कुल दिन | उच्च मूल्य | न्युन मूल्य | अन्तिम मूल्य |
|---|---|---|---|---|---|---|
| माघ | ९९९,४६७ | १,२१९,९३१,७०७ | १९ | १४२४ | १०३४ | १३७० |
| फागुन | १,६८९,९०८ | २,७५७,१६२,७९४ | १८ | १९३४ | १३२३ | १९०८ |
| चैत्र | १,३४०,५७३ | २,४५३,६४३,८५२ | १९ | २०६० | १५७७ | १७९८.१२ |

***(source: www.nepalstock.com.np)***

**५. समस्या तथा चुनौतिहरु**

**क) आन्तरिक समस्या एवं चुनौतिहरु**

❖ संचालन खर्च बढ्दै जानू, ब्याजदर अन्तर कम हुनु, दक्ष जनशक्तीको अभाव, निक्षेप तथा कर्जाको ब्याजदर छिटो परिवर्तन हुनु, लगानीका क्षेत्रहरु विस्तार हून नसक्नु, संचालन जोखिम बढ्नु जस्ता यावत समस्याको वावजुत दिगो रुपमा संस्थाको मूनाफा वृद्धि गर्दै जाने कार्य चूनौतिको रुपमा रहेको ।
❖ निष्क्रिय कर्जाको मात्रा बढ्नाले सम्पत्तिको गुणस्तर यथावत राख्न चुनौती रहेको ।
❖ अर्थतन्त्रमा देखिएको तरलता संकुचनका कारण ब्यवसाय प्रभावित हुने सम्भावना यथावत रहनु । नयाँ अवसरहरुको पहिचान गरी ब्यावसायिक कारोवार गर्नुको विकल्प नरहेको बिद्यमान अवस्थालाई चिर्नुपर्ने चुनैती रहेको ।
❖ ब्याजमा आधारित आम्दानी भन्दा अन्य आम्दानी बढाउनमा चुनौती रहेको ।
❖ प्रतिस्पर्धात्मक बैंकिङ कारोवारको लागी प्रबिधिक रुपमा सक्षम हुन चुनौती रहेको ।
❖ तिव्र रुपमा मुलुकमा विस्तार भइरहेको बैकिङ्ग कारोबार तथा शाखाहरु वृद्धि संग संगै संचालन जोखिम व्यवस्थापनमा थप चुनौतीपूर्ण रहेको ।

**ख) बाह्रय समस्या एवं चुनौतिहरु**

❖ वढ्दो प्रतिस्पर्धा, सुचना तथा प्रविधिको क्षेत्रमा देखिएका जोखिम तथा चुनौतिहरु आदी ।
❖ अर्थतन्त्रमा देखिएको तरलता संकुचनको कारणले सृजना भएका तथा भविष्यमा हुने अन्य चुनौतीहरु ।
❖ बजारमा आएको ब्यावसायिक मन्दीको कारण ग्राहकहरुको नगद प्रवाहमा आउने बिचलनले सृजना हुने चुनौतीहरु ।
❖ बैंकिङ तथा वित्तीय क्षेत्रमा हुने बिभिन्न नकारात्मक घटना, बाह्य आक्रण, अफवाह लगाएतका समाचार सम्प्रेषणले बित्तीय संस्थामा पर्ने बहुआयामिक असरले सृजना हुन जाने चुनौतीहरु ।

**रणनीति**

बैंकले माथि उल्लेखित आन्तरीक समस्या तथा चुनौतीहरुका बिषयमा सचेत भई सो बाट उत्पन्न हुन सक्ने जोखिमको बिषयमा अध्ययन गरी नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, बिभिन्न समयमा बैंक तथा बित्तीय संस्थालाई जारी हुने परिपत्र, संस्थाको नीति, नियम तथा कार्यबिधिको अधिनमा रही आवश्यक रणनीति तर्जुमा गर्ने, न्युन लागत भएका दिगो निक्षेप लाई बढावा दिई व्याजदरलाई सन्तुलीत राख्ने आवश्यक कदमहरु अवलम्वन गर्ने, संचालन खर्च न्युनीकरण गर्न तर्फ सचेत रहने, बैंकको व्यवसाय अभिबृद्धि तथा शाखा संजाल बढाउदै लगि सिपयुक्त कर्मचारी भर्ना गर्ने, कर्मचारीहरुलाई आफ्नो कार्य क्षमता वृद्धि गरी स्तरीय सेवा प्रदान गर्न तालिमहरु उपलब्ध गराउने तथा बैंक प्रति आबद्ध तथा प्रतिबद्ध राख्न यथोचित निति अवलवन गर्ने ।

**६. संस्थागत सुशासन**

बैंकले नेपाल राष्ट्र बैंकद्वारा संस्थागत सुशासन सम्वन्धमा जारी गरेका एकीकृत निर्देशनहरुको पालना गर्नका साथै लेखापरीक्षण समिति द्वारा संस्थागत सुशासन पालना भए नभएको सम्वन्धमा आवश्यक लेखा जोखा गर्ने गरिएको/साथै समय समयमा नेपाल राष्ट्र बैंकद्वारा हुने स्थलगत निरिक्षण, आन्तरीक तथा वाह्य लेखापरीक्षकको प्रतिवेदनको आधारमा संस्थागत सुशासनलाई सुदृढ वनाउन बैंक संचालक समिति कटीवद्ध छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको सत्यताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

प्रभाव दैनिक

रूपशाला

आइतबार, ०७ वैशाख २०८२ (Sunday, April 20, 2025)

## अभिनेत्री शाहले गरिन् कानुनी विवाह

अभिनेत्री नीति शाहले विवाह गरेकी छन् । उनले शुक्रबार काठमाडौं जिल्ला अदालतमा यचित शमशेर जबरासँग कानूनी विवाह गरेकी हुन् । न्यायाधीश दीनबन्धु बरालको इजलासमा उनको विवाह भएको अदालत स्रोतले जानकारी दियो । उनीहरूको विवाह दर्ता प्रमाण पत्र भने प्रक्रियामा रहेकोले लिन बाँकी छ । नीति र यचितले केही समयको प्रेम सम्बन्धलाई विवाहमा परिणत गरेका हुन् । 'मिस नेपाल इन्टरनेशनल २०१७' को उपाधि चुमेकी नीति 'खजुरे ब्रो'बाट फिल्ममा डेब्यु गरेकी हुन् । यो फिल्म व्यावसायिक असफल भएको थियो भने गत दसैंमा उनी अभिनित दोस्रो फिल्म 'ज्वाइँ साब' प्रदर्शनमा आएको थियो ।



# 'सितारा जमीं पर'मा १० प्रमुख कलाकार



**मुम्बई–** आमिर खान आफ्नो आगामी फिल्म 'सितारा जमीं पर' लाई लिएर लामो समयदेखि चर्चामा रहेका छन् । तर, केही समयअघि फिल्मसँग सम्बन्धित एउटा स्पेशल अपडेट आएको थियो, जसमा फिल्मको रिलिज मिति तोकिएको थियो। अहिलेको कुरा गर्ने हो भने, आमिरले पहिलो पटक फिल्मसँग सम्बन्धित पात्रको बारेमा कुरा गरेका छन् । चलचित्रमा १ वा २ नभई १०-१० जना मुख्य पात्र रहेको खुलेको छ ।

सन् २००७ मा आमिर खानको फिल्म 'तारे जमीं पर' रिलिज भएको थियो, जसलाई मानिसहरूले निकै मन पराएका थिए । यही कारणले गर्दा यो फिल्मको घोषणा भएदेखि नै यो फिल्मलाई लिएर दर्शकमा निकै नै उत्साह रहेको छ ।

हालै बलिउड हंगामासँगको कुराकानीमा अभिनेताले फिल्मका पात्रहरूको बारेमा कुरा गरेका थिए । 'सितारे जमीं पर' का मुख्य पात्रमध्ये कसैलाई डाउन सिन्ड्रोम र कोही अटिस्टिक भएको अभिनेताले खुलासा गरेका छन् ।

चलचित्रमा अधिकांश मुख्य पात्र अपाङ्गता भएका व्यक्तिले खेलेको अभिनेताले बताएका छन् । आमिर खानलाई उद्योगको 'मिस्टर परफेक्शनिस्ट' भनिन्छ । किनभने अमिर खानले सधैं केही विशेष समस्याहरू फिल्ममार्फत ल्याउँछन् र दर्शक सामु प्रस्तुत गर्ने गर्छन् ।

यो चलचित्रको कुरा गर्दा यसको सम्पादनको काम सकिएको छ । फिल्मको ट्रेलर मे १ मा रिलिज हुदैंछ तर फिल्मको रिलिज मिति भर्खरै तय भएको छ, जो अब २० जुनमा रिलिज हुनेछ ।

यो फिल्म भन्दा पहिले 'मिस्टर परफेक्शनिस्ट' आमिर खान सन् २०२२ मा रिलिज भएको 'लाल सिंह चड्ढा' मा देखिएका थिए । ३ बर्षको लामो समय पछि आमिरको पुनरागमनलाई लिएर मानिसहरूले धेरै अपेक्षा गरेका छन् । फिल्ममा आमिर खानसँगै जेनेलिया देशमुख पनि छिन् तर अरू कलाकारको नाम भने अझै खुलाइएको छैन ।

# बसुन्धराश्री पुरस्कार तुलसी दिवसलाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** बसुन्धरा मान प्रज्ञा प्रतिष्ठानले विसं २०८२ को बसुन्धराश्री पुरस्कार तुलसी दिवस र मानश्री पुरस्कार तोया गुरुङलाई प्रदान गर्ने निर्णय गरेको छ । प्रतिष्ठानको विशेष बैठकले उनीहरूलाई पुरस्कार प्रदान गर्ने निर्णय गरेको प्रतिष्ठानका अध्यक्ष डा दुबसु क्षेत्रीले जानकारी दिए ।

आधुनिक नेपाली कविताहरूको सृजना एवं नेपाली लोक संस्कृतिको अध्ययन, अनुसन्धान र उन्नयनद्वारा नेपाली साहित्य र संस्कृतिलाई सार्थक, समृद्ध र समुन्नत बनाइ नेपाली बाङमय क्षेत्रलाई वैभवशाली र गरिमामय बनाउन दिवसको योगदानको कदर गर्दै पुरस्कृत गर्ने निर्णय गरिएको हो । उक्त पुरस्कारको राशी रु ७५ हजार छ । विसं १९९८ असारमा धनकुटामा जन्मिएका दिवसका तुलसी दिवसका कविता, नेपाली लोककथा, धिमाल लोकधर्म संस्कृति नामक कृति प्रकाशित छन् ।

बैठकले आधुनिक नेपाली कविता, मुक्तक र कथामार्फत नेपाली साहित्यलाई स्तरीय, शालीन र समृद्ध बनाई नपाली बाङ्मयको विकास र विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याउने तोया गुरुङलाई रु ५० हजार राशीको मानश्री पुरस्कार प्रदान गर्ने पनि निर्णय गरेको छ । विसं २००४ चैतमा सिन्धुपाल्चोकमा जन्मिएकी विशिष्ट साहित्यकार गुरुङका सूर्यदह, धुपी, देवल घुमेपछि, तोया गुरुङका कविता, पुनरावती, कुसुम र अस्पृश्य कृतिहरू प्रकाशित छन् । प्रतिष्ठानले विसं २०५७ सालदेखि नेपाली साहित्यमा विशेष योगदान पुऱ्याउने व्यक्तित्वलाई उक्त पुरस्कारहरू प्रदान गर्दै आएको छ ।





# शर्मिला बर्देवाको 'कश्मीरे गम्छा' सार्वजनिक

■ प्रभाव संवाददाता

**लन्डन–** गायिका शर्मिला बर्देवा फेरि अर्को कोसेली 'कश्मीरे गम्छा' लिएर आएकी छन् । फरक आवाजका कारण नेपाली साङ्गीतिक बजारमा सधैं छाइरहेकी बर्देवाले शुक्रबारमात्र दर्शक श्रोतामाझ 'कश्मीरे गम्छा' ल्याएकी हुन् ।

उक्त गीत र म्युजिक भिडियो बर्देवाको आफ्नै यूट्युब च्यानलमार्फत सुन्न र देख्न सकिने छ । सरोज परियारले लगानी गरेको उक्त गीतमा चर्चित गायक डेबिड शंकरको पनि स्वर सुन्न सकिने छ भने अहिले युवा पुस्ताका चर्चित संगीतकार राजेन्द्र बजगाईंको सङ्गीत तथा सङ्गीत संयोजन छ । पछिल्लो समयका चर्चित गीतकार डिपी खनालले गीत लेखेका हुन् ।




अति ब्यस्त साउन्ड इन्जिनियर मनोज परियारको मिक्सिङ तथा मास्टरिङ छ । गीत आफ्नो मन स्टुडियोमा रेकडिङ गरिएको हो ।

काठमाडौँका विभिन्न स्थानमा छायाङ्कन गरिएको उक्त गीतको म्युजिक भिडियो निर्देशन सियोन श्रेष्ठले गरेका छन् । उत्सव दाहालले छायाङ्कन गरेको भिडियोमा अहिलेका चर्चित मोडल सुधीर श्रेष्ठ र जुनु एसडीको नृत्य र अभिनय छ ।

करिब तीन दशकको साङ्गीतिक करिअरमा झन्डै एक हजार गीत गाइसकेकी शर्मिला बेलायतमा पेसाले नर्स हुन् । उनी यहाँ पनि स्टेजमा उत्तिकै व्यस्त रहन्छिन् । केही साता अगाडि नेपाल गएर ६ महिना बस्दा ४६ वटा गीत रेकर्ड गराएकी थिइन् । ती गीत अहिले बजारमा धमाधम आइरहेका छन् ।



यू-विश्वकप छनोट

# नेपालको विश्वकप सपना अधूरै

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्णायक खेल बर्षाका कारण खेल रद्द भएपछि नेपालको विश्वकप खेल्ने सपना अधूरै रहेको छ । आइसिसी यु-१९ विश्वकप एसिया छनोटअन्तर्गत नेपाल र अफगानिस्तानको बीचको निर्णायक खेल रद्द भएपछि दुवै टोलीले अंक बाँड्दा रनरेटका कारण नेपाल विश्वकपको छनोटबाट बञ्चित भएको छ ।

नेपाल क्रिकेट संघ (क्यान)ले खेल बिहान तल्लो मूलपानी क्रिकेट रंगशालामा ९:३० बजे सुरु हुने जनाएको थियो । तर, २ बजिसक्दा पनि सुरु हुन नसकेपछि खेल रद्द गरिएको हो। योसँगै अफगानिस्तानले जिम्बाबे र नामिबियाले संयुक्त रूपमा आयोजना गर्ने विश्वकप २०२६ मा स्थान बनाएको छ ।

शुक्रबार रातिदेखि नै काठमाडौंका अधिकांश स्थानमा वर्षा भएको थियो। मैदानको आउटफिल्ड भिजेको कारण टस र खेल हुन ढिला भएको थियो । तर, पछिल्लो चार घण्टादेखि मूलपानीमा वर्षा भएको थिए । मैदानको कभर पनि हटाइएको थियो । बाउन्ड्री लाइन मिलाउने काम भइरहेको थियो। तर, भिजेको आउटफिल्ड सुकाउन भने क्यानका ग्राउन्ड स्टाफलाई निकै गाह्रो पऱ्यो ।



सुपर सापर एउटा मात्रै हुँदा ग्राउन्ड स्टाफले कपडा, स्पोन्स र जुडका बोरा प्रयोग गरेर आउटफिल्डमा जमेका पानी हटाउने प्रयास गरेका थिए । त्यही पनि आउटफिल्डका केही भागमा पानी रहेको कारण खेल अनिश्चित बनेको थियो। अम्पायरले १:३० बजे मैदान निरीक्षण गरेर फर्किएका थिए । २ बजे पुनः निरीक्षण गरेपछि खेल नहुने पक्का गरेका हुन् ।

नेपाललाई यो खेल जित्नैपर्ने दबाब थियो । समान ६ अंक रहे पनि अफगानिस्तान नेट रनरेटमा नेपालभन्दा अगाडि थियो । यो खेल रद्द भएका दुवै टोली अंक बाँडेका छन् । नेटरनरेटमा अगाडि भएको कारण सात अंकसहित अफगानिस्तान विश्वकप २०२६ मा छनोट हुन सफल भएको हो । समान सात अंक रहे पनि नेपाल यसपल्ट अभागी सावित भयो ।

# अन्तर्राष्ट्रिय आमन्त्रित मेयरकप भोजपुर गोल्डकप हुँदै

■ प्रभाव संवाददाता

**भोजपुर–** प्रत्येक वर्ष सञ्चालन हुने भोजपुरको प्रतिष्ठित आठौं अन्तरराष्ट्रिय आमन्त्रित मेयर गोल्डकप प्रतियोगितामा भारतको एकसहित नेपालका सात टोलीले सहभागिता जनाउने भएका छन् ।

प्रतियोगितामा जर्जियन फुटबल क्लब भारतसहित सशस्त्र प्रहरी बल नेपाल काठमाडौं, चर्च ब्वाइज युनाइटेड काठमाडौं, एलएक्स सिटी मोरङ, भगवती स्पोर्टस क्लब खोटाङ, नमोबुद्ध फुटबल क्लब सप्तरी, सलहेश फुटबल क्लब सिरहा र आयोजक भोजपुर जिल्ला फुटबल संघले सहभागिता जनाउने आयोजकले जनाएको छ ।

जिल्ला फुटबल संघको आयोजना तथा भोजपुर नगरपालिकाको मुख्य प्रायोजनमा प्रत्येक वर्ष जिल्ला सदरमुकाममा सञ्चालन हुँदै आएको प्रतियोगिता यस वर्ष यही वैशाख १४ देखि २० गतेसम्म सञ्चालन हुनेछ । भोजपुर नगरपालिका-७, कोदारमा रहेको रंगशालामा सञ्चालन हुने प्रतियोगिताका लागि भोजपुर नगरपालिकाले रु ३० लाख सहयोग गरेको छभने थप रकम सहप्रायोजकहरूबाट संकलन गरिने आयोजक संस्थाले जनाएको छ ।

प्रतियोगिताका विजेता तथा उपविजेताले उपाधिसहित क्रमशः रु पाँच लाख र रु तीन लाख पाउनेछन् । अन्य व्यक्तिगत विधातर्फ पनि सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षकलाई पुरस्कारको व्यवस्था गरिएको आयोजक भोजपुर जिल्ला फुटबल संघका अध्यक्ष प्रवीण सुवालले जानकारी दिए ।

गत वर्ष सञ्चालन भएको सातौं संस्करणमा चर्च ब्वाइज युनाइटेड, काठमाडौंले त्रिभुवन आर्मी क्लबलाई 'पेनाल्टी सुट'मा ४-२ गोलले पराजित गर्दै विजेता बनेको थियो । गत वर्ष पनि जर्जियन फुटबल क्लब भारत, त्रिभुवन आर्मी क्लब काठमाडौं, चर्च ब्वाइज युनाइटेड काठमाडौं, राजारानी फुटबल क्लब धनकुटा, डाँगीहाट युथ क्लब मोरङ, सलहेश युवा क्लब सिरहा, भगवती स्पोर्ट्स क्लबखोटाङ र आयोजक भोजपुर जिल्ला फुटबल संघको सहभागिता थियो ।

एनएसएल फुटबल

# ललितपुर फाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** ललितपुर सिटी एफसी नेपाल सुपर लिग (एनएसएल) को तेस्रो संस्करणको फाइनलमा प्रवेश गरेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार सम्पन्न पहिलो क्वालिफायरमा साबिक उपविजेता धनगढी एफसीविरुद्ध २-१ को जित निकाल्दै १० खेलाडीमा सीमित ललितपुर लगातार दोस्रोपल्ट फाइनलमा प्रवेश गरेको हो । ललितपुरले अब दोस्रो क्वालिफायरको विजेतासँग उपाधिका लागि खेल्नेछ। धनगढीले भने फाइनमा फर्किन इलिमिनेटरको विजेतासँग खेल्नेछ। इलिमिनेटरमा पोखरा थन्डर्स र एफसी चितवन भिड्नेछन् ।

ललितपुरको जितमा केर्भेन्स बेलफोर्ट र इबु केबेले गोल गरे । धनगढीका जर्जप्रिन्स कार्कीको गोल सान्त्वना रह्यो । ललितपुर खेलको १६औं मिनेटमै १० खेलाडीमा सीमित भएको थियो ।

मणिकुमार लामाले सिधा रातो कार्ड खाँदै १० खेलाडीमा सीमित ललितपुरले खेलको ५७औं मिनेटमा सुरुआती अग्रता लियो । पापे डायकिटेलाई बिना कारण धनगढीका जर्ज कासेइडोले बक्स लाइनजिक हात र खुट्टा तानेर लडाएका थिए ।

मुख्य रेफ्री बिडारीले फ्रिकिक दिएपछि धनगढीका टेक्निकल डाइरेक्टर भोलानाथ सिलवालले फोर्थ अफिसियल दनुवारप्रति असन्तुष्टि पोखेका थिए । तर, प्राप्त फ्रिकककलाई हाइटीका फरवार्ड बेलफोर्टले सिधै गोल गर्दै ललितपुरलाई सुरुआती अग्रता दिलाए ।

धनगढीका गोलकिपर वालिद बिरोउले फ्रान्ट पोस्टतिर मुभ चालिसकेका थिए । तर, बेलफोर्टले सेकन्डबारतिर शक्तिशाली प्रहार गर्दै सजिलै गोल गरेका हुन् । जारी लिगमा उनको यो पहिलो गोल हो ।

खेलमा अग्रता लिइसकेको ललितपुरले डिफेन्समा भने सुधार गर्न सकेन । त्यसैको फाइदा उठाउँदै धनगढी ६१औं मिनेटमा खेलमा फर्कियो । सर्जियो बार्बोजाको कर्नरबाट आएको बललाई कप्तान देवेन्द्र तामाङले हेडर गर्दै ललितपुरको पोस्टसामु पुऱ्याएका थिए ।

उक्त बललाई अनन्तले हेडर गर्दै क्लियर गरे पनि जर्जप्रिन्सले दोस्रो टचमा हाफ भलिमार्फत गोल गरेका हुन् । तर, ७९औं मिनेटमा ललितपुरले खेलमा पुनः अग्रता लियो । फ्रान्स फरवार्ड पापाले मैदानको बीच भागमा बल प्राप्त गरेका थिए । उनले धनगढीका कप्तान देवेन्द्रसहित चार डिफेन्डको बीचबाटै फ्रि सट प्रहार गर्दै गोल गर्दै फाइनलमा स्थान पक्का गरेको थियो ।



इजिप्टको कायरोस्थित दक्षिणमा रहेको सक्कारा नेक्रोपोलिसमा इजिप्टियन राजकुमारको चिहानभित्र चित्रलिपि शिलालेख कुँदिएको ढुंगा फेला परेको छ । इजिप्टको पुरातात्त्विक मिसनले कायरोको दक्षिणमा रहेको सक्कारा नेक्रोपोलिसमा चार हजार वर्षभन्दा पुरानो चिहान फेला पारेको पर्यटन तथा पुरातन वस्तु मन्त्रालयले शुक्रबार एक विज्ञप्तिमा भनेको छ ।

*तस्बिरः सिन्ह्वा*

# ‘शेइयान–२७’ उपग्रह प्रक्षेपणः चीनको अन्तरिक्ष मिसनमा अर्को सफलता



**शानसी, चीन–** चीनले शनिबार बिहान उत्तर चीनको शानसी प्रान्तको ताइयुआन उपग्रह प्रक्षेपण केन्द्रबाट छ वटा नयाँ परीक्षण उपग्रहहरू सफलतापूर्वक अन्तरिक्षमा पठाएको छ । ‘शेइयान-२७’ नाम दिइएका ती उपग्रहहरू बिहान ठीक ६ बजेर ५१ मिनेटमा प्रक्षेपण गरिएका हुन् । ती उपग्रहहरू आफ्ना निर्धारित कक्षमा पुग्न सफल भएका छन् ।

शेइयान-२७ सिरिजका उपग्रहहरू मुख्यरूपमा अन्तरिक्ष वातावरणको अध्ययन तथा प्रविधि परीक्षणका लागि प्रयोग गरिने छन् । यी उपग्रहहरूद्वारा पृथ्वीको आसपासको अन्तरिक्ष क्षेत्रमा हुने भौतिक तथा वातावरणीय परिवर्तनहरूको निगरानी, डेटा संकलन र विश्लेषण गरिने छ, जसले भविष्यमा गरिने अन्तरिक्ष मिसनहरूको तयारी र नयाँ प्रविधिहरूको परीक्षणमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने छ । साथै, यस्ता परीक्षण उपग्रहहरूले चीनको स्वदेशी प्रविधि विकास र अन्तरिक्ष अनुसन्धान क्षमतामा थप प्रगति ल्याउने अपेक्षा गरिएको छ ।

चिनियाँ अधिकारीहरूका अनुसार, यी उपग्रहहरू मुख्यतया अन्तरिक्ष वातावरणको अध्ययन तथा सम्बन्धित प्रविधिहरूको परीक्षणका लागि प्रयोग गरिने छन् । यसको उद्देश्य भावी अन्तरिक्ष योजनाहरूका लागि आवश्यक ज्ञान र प्रविधि विकास गर्नु हो ।

प्रक्षेपणमा प्रयोग भएको लङ मार्च-६ नामक रकेट चीनको प्रख्यात रकेट शृंखला ‘लङ मार्च’ अन्तर्गत पर्छ । शनिबारको प्रक्षेपण यो शृंखलाको ५७०औं उडान रहेको छ । यस सफलताले चीनको अन्तरिक्ष विज्ञान तथा प्रविधि क्षेत्रमा प्रगति र क्षमताको पुष्टि गर्दछ । *रासस/सिन्ह्वा*

# पाकिस्तानी विदेशमन्त्री अफगानिस्तानमा, शरणार्थी फिर्तीको विषयमा उच्चस्तरीय वार्ता




**काबुल–** पाकिस्तानका विदेशमन्त्री इशाक डार शनिबार अफगानिस्तानको राजधानी काबुल आइपुगेका छन् । पाकिस्तानबाट हालै तीव्ररूपमा अफगान नागरिकहरूको स्वदेश फिर्ती भइरहेको सन्दर्भमा उनले तालिबान सरकारका वरिष्ठ पदाधिकारीहरूसँग उच्चस्तरीय भेटवार्ता गर्ने कार्यक्रम रहेको छ ।

पाकिस्तानी सरकारद्वारा हालै सुरु गरिएको अभियानअन्तर्गत, अप्रिल महिनाको अन्त्यसम्म आठ लाखभन्दा बढी अफगान नागरिकलाई फिर्ता पठाउने प्रक्रिया अगाडि बढाइएको छ । तीमध्ये केही दशकौंदेखि पाकिस्तानमा स्थायी बसोबास गर्दै आएका वा त्यहीं जन्मिएका व्यक्ति पनि समावेश छन् ।

यस अभियानका कारण दैनिक सयौं अफगान परिवार सिमानातर्फ फर्किन बाध्य छन् । कतिपयलाई पक्राउ वा परिवारसँग छुट्टिने डर छ, जसले स्थिति झनै संवेदनशील बनाएको छ । विदेशमन्त्री डारको स्वागत काबुल विमानस्थलमा अफगानिस्तानका परराष्ट्र मन्त्रालयका सहायकमन्त्री मोहम्मद नईमज्यूले गरेका थिए ।

पाकिस्तानका उपगृहमन्त्री महामहिम तलाल चौधरीले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा फिर्तीको म्यादमा कुनै किसिमको लचकता वा समयावधि विस्तार नगरिने स्पष्ट पारेका छन् । उनले अवैधरूपमा बसोबास गर्ने व्यक्तिहरूबाट सुरक्षामा चुनौती उत्पन्न हुने सम्भावनाको पनि उल्लेख गरेका छन् ।

संयुक्त राष्ट्रसंघीय शरणार्थी निकायका अनुसार, अप्रिल महिनाको प्रारम्भदेखि हालसम्म पाकिस्तानबाट अफगानिस्तान फर्किनेहरूको आधाभन्दा बढी बालबालिका रहेका छन् । यसरी फर्किने नागरिकहरू एक यस्तो मुलुकमा प्रवेश गर्दै छन् जहाँ शिक्षामा तथा रोजगारीमा महिला र किशोरीहरूका लागि गम्भीर प्रतिबन्धहरू लागू छन् ।

अफगानिस्तानका शरणार्थी मामिलासम्बन्धी मन्त्रालयका प्रवक्ताका अनुसार अप्रिल १ देखि १८ सम्म ७१ हजारभन्दा बढी नागरिक दुई प्रमुख नाका हुँदै स्वदेश फर्किसकेका छन् । यसैबीच, पाकिस्तानमा झण्डै ३० लाख अफगान नागरिक शरण लिइरहेका छन् । दोस्रो चरणको अभियानअन्तर्गत, करिब आठ लाख नागरिकको बसोबास अनुमति रद्द गरिएको छ । *रासस/एएफपी*

# डुंगामा आगलागी हुँदा १४३ जनाको मृत्यु

**किन्शासा (कंगो)–** डेमोक्र्याटिक रिपब्लिक अफ कंगोमा इन्धन बोकेको डुंगामा आगलागी हुँदा कम्तीमा १४३ जनाले ज्यान गुमाएका छन् भने धेरैजना अझै बेपत्ता रहेका छन् ।

यो दुखद दुर्घटना इक्वेटोर प्रान्तको राजधानी म्बाण्डाका नजिकै, विश्वकै सबैभन्दा गहिरो र विशाल कंगो नदीको संगमस्थलमा भएको हो । स्थानीय नागरिक समाजका नेता जोसेफ लोकोन्डोका अनुसार, केही व्यक्तिको मृत्यु आगोमा जलेर र केहीको डुबेर भएको पुष्टि भएको छ । उनले मृतक संख्या १४५ पुगेको अनुमान गरेका छन् ।

डुंगामा खाना पकाउने क्रममा लागेको आगो इन्धनमा फैलिँदा ठूलो विष्फोट भई आगलागी भएको बताइएको छ । सामाजिक सञ्जालमा सार्वजनिक भिडियोहरूमा डुंगाबाट आगो सल्किरहेको र धुवाँ निस्किरहेको देखिन्छ । डुंगा किनाराबाट टाढा फसेको अवस्थामा देखिएको छ ।

घाइतेहरूलाई उद्धार गरी अस्पतालमा उपचारका लागि पठाइएको जनाइएको छ । धेरै परिवार आफ्ना प्रियजनहरूको अवस्थाबारे अझै अनविज्ञ रहेको पनि लोकोन्डोले बताए । उनले प्रभावित परिवारहरूप्रति हार्दिक समवेदना व्यक्त गरे । *रासस/एएफपी*

# सिरियाबाट एक हजार सैनिक फिर्ता गर्ने अमेरिकाको घोषणा

**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाले आगामी महिनाभित्र सिरियाबाट आफ्ना एक हजार सैनिक फिर्ता गर्ने घोषणा गरेको छ । इस्लामिक स्टेट (आइएस) विरुद्धको अन्तर्राष्ट्रिय अभियानअन्तर्गत अमेरिका विगत केही वर्षदेखि सिरियामा सैनिक तैनाथ गर्दै आएको छ ।

अमेरिकी रक्षा सचिवको निर्देशनअनुसार अब ती सैनिकहरूलाई फिर्ता ल्याउने तथा सुरक्षा संरचना सुदृढ गर्ने प्रक्रिया सुरु गरिएको पेन्टागनका प्रवक्ता श्री सीन पार्नेलले जानकारी दिए । उनका अनुसार, यो निर्णयसँगै अमेरिकाको सिरियामा रहेको सैन्य उपस्थिति क्रमशः घटाइने छ । यद्यपि, अमेरिकाले आइएसविरुद्धको आक्रमण जारी राख्ने र शान्ति स्थापनाका लागि आवश्यक कदम चाल्ने प्रतिबद्धता कायमै रहेको पनि प्रवक्ता पार्नेलले जनाए ।

आइएसले सन् २०१४ मा आक्रामक गतिविधि सुरु गरेपछि, अमेरिकी नेतृत्वमा स्थानीय सेनाहरूलाई सहयोग पुऱ्याउँदै आतंकवादी समूहविरुद्ध अभियान थालिएको थियो । यस अभियानका क्रममा अमेरिकी सेनाहरूले प्रत्यक्षरूपमा लडाइँमा सहभागिता जनाएका थिए भने हजारौं सैनिक तथा कर्मचारीहरूलाई सहयोगका लागि खटाइएको थियो ।

इराकी प्रधानमन्त्रीले सन् २०१७ को डिसेम्बरमा आइएसमाथि विजयको घोषणा गरेका थिए, भने सिरियामा सन् २०१९ को मार्चमा सिरियन डेमोक्रेटिक फोर्स (एसडिएफ) ले आइएसको गढ कब्जा गरेपछि पराजयको घोषणा गरिएको थियो । तर पनि अहिले केही ग्रामीण क्षेत्रहरूमा आइएसका लडाकुहरू सक्रिय रहेका कारण, अमेरिकी सेनाले समय-समयमा आवश्यक कारबाही जारी राखिरहेको छ । *रासस/एएफपी*

# चाडमा १०० भन्दा बढी कैदी कारागारबाट भागे

**मोंगो (चाड)–** अधिकारीहरूले शनिबार एक गोलीकाण्डमा १०० भन्दा बढी कैदी चाड कारागारबाट भागेको बताएका छन् । सो क्रममा तीन जनाको मृत्यु भएको थियो भने कारागार भ्रमण गर्ने राज्यका गभर्नर घाइते भएका थिए । देशको मध्यमा रहेको मोंगो सहरबाट पाँच किलोमिटर टाढाको उच्च सुरक्षा कारागारमा विद्रोह हुँदा शुक्रबार राति उक्त घटना भएको हो । ‘त्यहाँ करिब १०० जना भागेका छन्, तीन जनाको मृत्यु भएको छ र तीन जना घाइते भएका छन्,’ मोंगो अवस्थित गुयेरा प्रान्तका महासचिव हसन सुलेमाने एडमले भने ।

एक स्थानीय मोंगो अधिकारीले नाम नछाप्ने सर्तमा कैदीहरूले बन्दुक चोरी गर्न प्रबन्धकको कार्यालयमा प्रवेश गरेको बताए । ‘त्यसपछि गार्डहरूसँग गोली हानाहान भयो, त्यही समयमा गभर्नर आइपुगे । उनी घाइते भए,’ उनले भने । मोंगो अधिकारीले त्यहाँ तीन जनाको मृत्यु भएको पुष्टि गरे र भागेका कैदीहरूको कूल संख्या १३२ रहेको बताए । खानाको अभाव भएको गुनासो गरेपछि कैदीहरूले विद्रोह गरेको उनले बताए । *रासस/एएफपी*


## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०१/०७**

यस कम्पनीको मिति २०८१/०८/२६ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **लेकाली भोज प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **पिकलो धुम्बाराही प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०९/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **पिकलो धुम्बाराही प्रा.लि.** (प्रा.लि.नं.२९८५२१) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## नाम परिर्वतन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०१/०७**

कम्पनीको मिति २०८०/१०/०९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय वमोजिम कम्पनीको नाम तथा ठेगाना तपसिल वमोजिम परिवर्तन गर्ने गरी साबिकको कम्पनीको नाममा रहेको चल अचल सम्पति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोने जानकारी गराईन्छ ।

**तपसिल**

**साविकको नाम ठेगानाः मोहन गुरुङ्ग कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि.**
जिल्ला काठमाडौं, का.म.न.पा -१०

**परिवर्तित नाम ठेगानाः फेदि पाँचमाने कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**
जिल्ला काठमाडौं, तार्केश्वर न.पा.-०३


# गाजामा इजरायली हमलाः ४८ घण्टामा ९० जनाभन्दा बढीको मृत्यु



**दिर अल-बलाह (गाजा पट्टी)–** गाजामा इजरायली आक्रमणमा गएको ४८ घण्टामा ९० भन्दा बढीको ज्यान गएको गाजाको स्वास्थ्य मन्त्रालयले शनिबार बताएको छ । इजरायली सेनाले हमासलाई आफ्ना बन्धकहरूलाई रिहा गर्न र निःशस्त्र बनाउन दबाब दिन आक्रमणहरू बढाएको छ ।

मृतकमा महिला र बालबालिकासहित रातभर मारिएका १५ जना छन् । अस्पताल कर्मचारीहरूका अनुसार तीमध्ये केही तोकिएको मानवीय क्षेत्रमा आश्रय लिइरहेका थिए । दक्षिणी सहर खान युनिसमा कम्तीमा ११ जनाको मृत्यु भएको छ । तीमध्ये धेरैले मवासी क्षेत्रको एउटा टेण्टमा आश्रय लिएका थिए । त्यहाँ सयौं हजार विस्थापित मानिस बसिरहेको अस्पताल कर्मचारीले बताएका छन् । इजरायलले यसलाई मानवीय क्षेत्रको रूपमा तोकेको छ ।

शवहरू ल्याइएको युरोपेली अस्पतालका अनुसार रफाह सहरमा छुट्टै आक्रमणमा एक आमा र उनकी छोरीसहित अन्य चार जनाको मृत्यु भएको छ । सन् २०२३ अक्टोबर ७ मा हमास नेतृत्वको लडाकुहरूले दक्षिणी इजरायलमा आक्रमण गर्दा अधिकांश सर्वसाधारणसहित लगभग एक हजार २०० मानिस मारिएका थिए । साथै लडाकुहरूले २५१ जनालाई अपहरण गरेका थिए । त्यसपछि युद्ध सुरु भयो । अधिकांश बन्धकलाई युद्धविराम सम्झौता वा अन्य सम्झौतामा रिहा गरिएको छ ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली आक्रमणमा अधिकांश महिला तथा बालबालिकासहित ५१ हजारभन्दा बढी प्यालेस्टिनी मारिएका छन् । मन्त्रालयले नागरिक र लडाकुहरूबीच भिन्नता देखाउँदैन । युद्धले गाजाको विशाल भाग र यसको अधिकांश खाद्य उत्पादन क्षमताहरू नष्ट गरेको छ । युद्धले करिब ९० प्रतिशत जनसंख्यालाई विस्थापित गरेको छ । लाखौं मानिस टेण्ट शिविर र बम विष्फोट भएका भवनहरूमा बसिरहेका छन् ।

सहायता समूहहरूले इजरायलले गाजामा नाकाबन्दी गरेकोमा चेतावनी दिएका छन् । गाजामा इजरायलले छ हप्ताभन्दा बढीका लागि सबै खाना र अन्य सामानहरूको प्रवेश प्रतिबन्ध लगाएको छ । संयुक्त राष्ट्रसंघका अनुसार हजारौं बालबालिका कुपोषित भएका छन् र मौज्दात घट्दै जाँदा अधिकांश मानिसले दिनमा एक पटकमात्र खाना खाइरहेका छन् । *रासस/एपी*

# इस्टर पर्वको पूर्वसन्ध्यामा श्रीलंकाको चर्चमा गोली प्रहार

**कोलम्बो–** श्रीलंकाको एक चर्चमा शुक्रबार बेलुकी गोली प्रहार भएको छ । प्रहरीले दिएको जानकारीअनुसार घटनास्थल राजधानी कोलम्बोबाट करिब १६० किलोमिटर टाढा रहेको मानाम्पिटिया भन्ने ठाउँमा पर्छ । गोली लागेर चर्चको झ्यालहरूमा केही क्षति पुगे पनि कसैलाई चोटपटक भने लागेको छैन । घटनामा संलग्न भएको आशंकामा एक जना व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानमा ती व्यक्तिले चर्चका पादरीसँगको व्यक्तिगत रिसइवीका कारण गोली चलाएको देखिएको छ । सन् २०१९ मा इस्टर आइतबारका दिन भएका बम आक्रमणको सम्झनामा सुरक्षालाई ध्यानमा राख्दै अहिले देशभरका चर्चहरूमा सुरक्षा व्यवस्था कडा पारिएको छ । छ वर्षअघि भएका ती आक्रमणमा तीनवटा चर्च र तीनवटा होटलमा विष्फोट हुँदा २७९ जनाको ज्यान गएको थियो भने ५०० भन्दा बढी घाइते भएका थिए । घटनाको दोष एक स्वदेशी अतिवादी समूहलाई दिइएको थियो ।

क्याथोलिक चर्चले यस वर्षको इस्टर सोमबार ती पीडितहरूलाई ‘विश्वासका नायकहरू’ घोषणा गर्दै श्रद्धाञ्जलि दिने तयारी गरेको छ । घटनापछि पीडित परिवार र क्याथोलिक समुदायले न्यायको माग गर्दै आएका छन् र केही अनुसन्धानहरूले आक्रमणकारीहरू र सुरक्षा निकायहरूबीच सम्बन्ध रहेको पनि देखाएका छन् । *रासस/एएफपी*

# लिबियामा बारूदी सुरूङ हटाउन थप अन्तर्राष्ट्रिय सहयोग आवश्यक : *राष्ट्रसंघ*

**त्रिपोली, लिबिया–** लिबियामा बारुदी सुरुङ हटाउने कामलाई निरन्तरता दिनु र जनतालाई सुरक्षासम्बन्धी चेतना दिनु अहिले पनि धेरै आवश्यक रहेको राष्ट्रसंघका एक उच्च अधिकारीले बताएका छन् ।

राष्ट्रसंघका महासचिवका उपविशेष प्रतिनिधि तथा लिबियाका लागि मानवीय समन्वयकर्ता ऐनियास चुमाले त्रिपोलीमा आयोजित एक कार्यक्रममा यस्तो कुरा बताएका हुन् । यो कार्यक्रम ‘बारुदी सुरुङ सचेतना अन्तर ाष्ट्रिय दिवस’ को अवसरमा गरिएको थियो । लिबियाली बारुदी सुरुङ केन्द्रको जानकारीअनुसार लिबियाको धेरै क्षेत्रहरू अहिले पनि जोखिमयुक्त अवस्थामा छन् र अझ नयाँ क्षेत्रहरू पनि पहिचान भइरहेका छन् ।

त्यहाँका बारुदी सुरुङ केन्द्रका प्रमुख खलील एल-शिब्लीले लिबियाली टोलीहरूले गरिरहेका प्रयासमा अन्तर्राष्ट्रिय सहयोग आवश्यक रहेको बताए । राष्ट्रसंघअन्तर्गत बारुदी सुरुङ विभाग प्रमुख फात्मा जौरीगले सुरक्षाका लागि सबै निकायहरूबीच सहकार्य आवश्यक भएको बताउँदै कानुन, योजना र सहयोगलाई बलियो बनाउनुपर्नेमा जोड दिए । सन् २०११ मा गद्दाफीको शासन अन्त्य भएपछि लिबियामा लामो समयदेखि हिंसात्मक द्वन्द्व चलिरहेको छ । त्यसकै कारण धेरै ठाउँहरू बारुदी सुरुङ र अन्य विष्फोटक वस्तुले प्रदूषित भएका छन्, जसले जनताको जीवनमा अझै खतरा निम्त्याइरहेको छ । *रासस/सिन्ह्वा*


## साउदीमा रोजगार
कम्पनी : CHINA ENERGY ENGINEERING GROUP GUANGDONG POWER ENGINEERING COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०१/०५ | LT. No. 322195 | चलानी नं. ६०२३६२३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 10 | 0 | 1200 | २७,३०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १४ गते (27th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## युएइमा रोजगार
कम्पनी : PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०९/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०५ | LT. No. 316927 | चलानी नं. ६०२३१२६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 200 | 0 | 800 | २९,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १४ र १५ गते (27 & 28th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

T.G.S. GROUP OF COMPANY PVT. LTD
Dhapashi Height, Krishna Mandir Road, Tokha 1 - Kathmandu, P.O. Box: 8506 Tel: 01 5921011, 5921010
श्रम ईजाजत नं. १६९८/०८१/०८२

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १८९८०० | प्रति तोला - ० | प्रति तोला - १९६० |



**मह खेती** | वीरेन्द्रनगर-१० बुलबुले तालको पूर्वमा रहेको बुलबुले टोलमा मह उत्पादनका लागि राखिएका सुधारिएका घारहरू । *तस्बिरः हेमन्त केसी/रासस*

आव २०८२/०८३ बजेट तयारी


# 'यथार्थपरक बजेट आउँछ'

**काठमाडौं-** आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माणको काम धमाधम चलिरहेको छ । स्रोतको चाप, शिथिल अर्थतन्त्र, खस्कँदो निजी क्षेत्रको मनोबल तथा लगानी, नतिजामुखी बन्न नसकेको कर्मचारी प्रशासन, न्यून विकास खर्चलगायत समस्या मुलुकले खेपिरहेको वर्तमान अवस्थामा कस्तो बजेट सरकारले ल्याउँदैछ भन्ने चासो स्वाभाविक हो ।

बजेट सँगसँगै नीति तथा कार्यक्रम निर्माणको काम पनि चलिरहेको छ । तर औसत नीति, स्वाभाविक गति र अहिलकै जस्तो कार्यशैलीले अर्थतन्त्र सुधार्न तथा नागरिकका विकासका आकांक्षा पूरा गर्न सकिँदैन भन्नेमा सरकार केही हदसम्म विश्वस्त हुन थालेको बुझिन्छ । सांसदहरूको थेग्नै नसकिने दबाब र मन्त्रालयहरूको चाहनाविरुद्ध जानुपर्ने अवस्था आए पनि हस्तक्षेपकारी र यथार्थपरक बजेट ल्याउने उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले औपचारिक बैठकमा बताउँदै आएका छन् । बजेटका बारेमा मन्त्रालयगत छलफलमा त्यसको छनक अर्थमन्त्रीले दिइसकेका छन् ।

अघिल्ला आर्थिक वर्षमा बजेट पाएर पनि काम गर्न नसकेका, टुक्रे आयोजना, लगानीका आधारमा लाभ दिन नसक्ने, स्रोत सुनिश्चितता नभएका, प्रजेक्ट बैंकमा नपरेकालगायत आयोजनामा यसपटक निर्मम भएर कैँची चलाइने अर्थमन्त्री पौडेलले बताउँदै आएका छन् ।

आर्थिक वर्षका बीचमा बजेट संशोधन गर्नुपर्ने तथा रकमान्तर, स्रोतान्तर गर्नुपर्ने स्थिति नआउने गरी बजेट ल्याइनुपर्नेमा उनको जोड छ । उनले संघीय महत्वका आयोजना मात्रै आगामी आर्थिक वर्षको संघीय सरकारको बजेटमा पर्ने भएकाले सोहीअनुसार तयारी गर्न निर्देशन दिएका थिए । अर्थमन्त्री पौडेलले लोकरिझ्याइ र राजनीतिक पहुँच तथा शक्तिका आधारमा बजेट ल्याइने प्रवृतिको अन्त्य हुने बताएका छन् । वितरणमुखी र लोकप्रिय बजेटभन्दा



पनि यथार्थपरक र कार्यान्वयनयोग्य बजेटको तयारी गर्न उनको निर्देशन छ । सामाजिक सुरक्षाका कार्यक्रमलाई गम्भीर रूपमा समीक्षा गरिनुपर्नेमा पनि उनको जोड छ ।

गत फागुनमा अर्थ मन्त्रालयले सबै मन्त्रालयहरूलाई बजेट तर्जुमा मार्गदर्शन पठाउँदै भनिसकेको छ, 'स्रोतमा चाप छ, पूर्वतयारी नभएका र प्रतिफल नदिने योजनाका लागि बजेट नमाग्नू ।' बजेट तर्जुमा मार्गदर्शन र अर्थमन्त्री पौडेलले विषयगत मन्त्रालयहरूसँग छलफलका क्रममा दिएका अभिव्यक्तिअनुसार नै जाने हो भने यसपटकको बजेट सुधारमुखी र हस्तक्षेपकारी हुनेछ ।

अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार यथार्थपरक र कार्यान्वयन योग्य बजेट निर्माणका लागि अर्थमन्त्रीको स्पष्ट निर्देशन छ- 'जेजस्तो जोखिम लिन पनि म तयार छु । तर, यथार्थपरक अनुशासित र अर्थतन्त्रलाई चलायमान गर्नेगरी बजेट ल्याउनुपर्छ भनेर अर्थमन्त्रीबाट निर्देशन भएको छ । त्यसका लागि गृहकार्य पनि राम्रो ढंगले चलिरहेको छ', प्रवक्ता भण्डारीले भने ।

आगामी आवको बजेटबारे अर्थमन्त्री पौडेलले सबै मन्त्रालयसँग एक चरणको छलफल गरिसकेका छन् । बजेट महाशाखा र बजेट लेखन समितिमा हरेक योजना तथा कार्यक्रममाथि छलफल चलिरहेको छ । सम्बन्धित मन्त्रालयले प्रस्ताव गरेका योजना तथा कार्यक्रमका शीर्षकमाथि बजेट महाशाखाले छलफल चलाइरहेको प्रवक्ता भण्डारीले बताए ।

राजस्व परामर्श समितिअन्तर्गत गठन भएका विभिन्न सात वटा विषयगत उपसमितिहरूले आफ्नो प्रतिवेदन बुझाइसकेका छन् । बजेट निर्माणलाई समावेशी, यथार्थपरक र परिणाममुखी बनाउने उद्देश्यले अर्थ मन्त्रालयले सबै मन्त्रालयहरूसँग चरणबद्ध परामर्श गर्नुका साथै पूर्वअर्थमन्त्री, नीतिनिर्माता तथा विषयविज्ञसँग पनि छलफल गरिसकेको छ । छलफलमा उठेका विषय, दिइएका सुझाव र अर्थमन्त्रीको प्रतिबद्धता विश्लेषण गर्दा आगामी वर्षको बजेटबाट सरकारले सकारात्मक नीतिगत हस्तक्षेप गरेर सुधारको बाटो अवलम्बन गर्ने देखिन्छ । यद्यपि स्रोतको चाप, मन्त्रालयको माग र राजनीतिक दबावलाई अर्थमन्त्री पौडेलले कसरी सम्बोधन गर्नेछन् भन्ने हेर्न बाँकी छ ।

सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानी, सामाजिक सुरक्षामा खर्च हुने रकमजस्ता अनिवार्य दायित्व निरन्तर बढ्ने तर सरकारको राजस्व लक्ष्यअनुसार संकलन नहुने अवस्था अहिले देखिएपछि अधिकांश मन्त्रालयहरूले चालु आवकोभन्दा आगामी आवका लागि कम बजेट पाउने सम्भावना छ । बजेट कटौती हुने भएपछि अधिकांश मन्त्रालय असन्तुष्ट भएका छन् ।

राष्ट्रिय स्रोत अनुमान समितिले आगामी २०८२/८३ का लागि रू १९ खर्ब ६५ करोडको बजेट सिलिङ निर्धारण गरेको छ । चालु आवको रू १८ खर्ब ६० अर्ब ३० करोडको वास्तविक विनियोजनभन्दा आगामी आवको बजेट सिलिङ केही बढी देखिए पनि अनिवार्य दायित्वमा खर्च बढ्ने भएपछि विकास खर्च बढी हुने मन्त्रालयले नै न्यून बजेट पाउने अवस्था आएको हो । ऊर्जा जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास, कृषि तथा पशुपन्छी विकासलगायत पुँजीगत खर्च बढी हुने मन्त्रालयको बजेट नै कटौतीमा पर्ने सम्भावना छ ।

आगामी आवका लागि रू १९ खर्ब ६५ करोडको बजेट सिलिङ निर्धारण गर्दा आन्तरिक राजस्वबाट रू १२ खर्ब ६३ अर्ब १० करोड प्राप्त हुने अनुमान गरिएको छ । स्रोत अनुमान समितिले दिएको सिलिङअनुसार बजेट ल्याउने हो भने रू छ खर्ब ३७ अर्ब ५५ करोड स्रोत अपुग हुनेछ । स्रोतको आकलन गर्दा चालु आवको आन्तरिक राजस्वको लक्ष्य र आगामी आवको अनुमानमा खासै अन्तर हुँदैन । मध्यावधि समीक्षामार्फत कायम गरिएको राजस्व लक्ष्यका तुलनामा भने करिब १० प्रतिशतले बढ्ने सरकारको अनुमान छ ।

सार्वजनिक ऋणको साँवाब्याज तिर्न यस वर्ष सरकारले रू चार खर्ब दुई अर्ब ८५ करोड विनियोजन गरेको थियो । तर आगामी आवमा सरकारी ऋण तिर्न रू चार खर्ब १० अर्बभन्दा बढी रकम चाहिने स्रोत अनुमान समितिले जनाएको छ । *रासस*

# पर्यटन क्षेत्रमा महिलाको नेतृत्वदायी भूमिका रहने

■ प्रभाव संवाददाता

**ललितपुर-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटन उद्योगमा महिला उद्यमशीलता नै अर्थतन्त्रको महत्वपूर्ण आधार हुनसक्ने बताएका छन् । वर्तमान 'डिजिटल' युगमा नेपाली पर्यटन उद्योगमा महिला विषयमा नेपाल पर्यटन बोर्डले शनिबार आयोजना गरेको कार्यक्रममा उनले महिला पर्यटन क्षेत्रको विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्षम छन् भने ।

पर्यटनमन्त्रीले आगामी वर्षको बजेटमा पर्यटन क्षेत्रको विकास र समृद्धिलाई केन्द्रमा राखेर रकम विनियोजन गरिने प्रतिबद्धता व्यक्त गरे । 'पर्यटन क्षेत्रको विकास निजी क्षेत्रसँगको सहकार्यमा अझ प्रभावित ढंगले गर्न सकिन्छ सार्वजनिक-निजी साझेदारीको अवधारणाअनुसार काम गरौँ', निजी क्षेत्रलाई विदेशी मुद्राआर्जनको प्रमुख उद्योगको विकासमा लाग्न आह्वान गर्दै उनले भने ।

राष्ट्रिय योजना आयोगका सदस्य गीताकुमारी अधिकारीले पर्यटन उद्योगलाई प्रविधिमैत्री बनाउन हरेक क्षेत्रमा इन्टरनेटको प्रबन्ध गर्नुपर्नेमा जोड दिए ।

'हामी १६औं योजना कार्यान्वयनमा छौं, सोहीअनुरूप नीति तथा कार्यक्रम तर्जुमा गरेर अघि बढेका छौं महिलाको योगदानबाट पर्यटनका साथै विकास निर्माणका कार्यक्रमले चाँडो गति लिन्छन् । आर्थिक विकासमा पनि महिलाको भूमिका महत्वपूर्ण छ', उनले भने । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले पाँच लाख महिला जनशक्तिलाई पर्यटन क्षेत्रले रोजगारी प्रदान गरेको तथ्यांक प्रस्तुत गर्दै महिलालाई आर्थिक रूपमा सशक्त गराउनुपर्नेमा जोड दिए । नेपाल पर्यटन बोर्डका उपाध्यक्ष रामप्रसाद सापकोटाले पर्यटन क्षेत्रमा महिलाको सहभागिता निरन्तर बढिरहेको भन्दै डिजिटल माध्यमले महिलालाई काम गर्न सहज भएको बताए ।

# नौ महिनामा तीन खर्ब ६६ अर्ब ऋण उठाइयो

■ प्रभाव संवाददाता

**काठमाडौं-** सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को चैत मसान्तसम्म साढे तीन खर्बभन्दा बढी ऋण उठाएको छ भने साढे दुई खर्बभन्दा बढी साँवा-ब्याज तिरेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार पारेको २०८१ चैत मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको सुरुमा कूल सार्वजनिक ऋण रू २४ खर्ब ३४ अर्ब नौ करोड थियो भने पछिल्लो नौ महिनामा रू दुई खर्ब ३३ अर्ब १७ करोड ऋण थपिएको छ । यसरी चैत मसान्तसम्ममा नेपालले तिर्न बाँकी कुल सार्वजनिक ऋण रू २६ खर्ब ६७ अर्ब २६ करोड पुगेको कार्यालयले जनाएको छ ।

'चैत मसान्तसम्ममा सार्वजनिक ऋण कूल ग्राहस्थ्य उत्पादन (जिडिपी) को अनुपातमा ४६ दशमलव ७५ प्रतिशत हुन आउँछ । कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५१ दशमलव १९ र आन्तरिक ऋणको हिस्सा ४८ दशमलव ८१ प्रतिशत छ', प्रतिवेदनमा भनिएको छ । मुलुकको हालसम्मको कूल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण रू १३ खर्ब एक अर्ब ९४ करोड र बाह्य ऋण दायित्व रू




१३ खर्ब ६५ अर्ब ३२ करोड बराबर छ ।

सरकारले यस आर्थिक वर्षका लागि करिब साढे पाँच खर्ब रूपैयाँ सार्वजनिक ऋण उठाउने लक्ष्य राखेकामा गत चैत मसातसम्म ६७ प्रतिशत हाराहारी उठिसकेको छ । 'चालु आर्थिक वर्षमा जम्मा रू पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकामा चैत मसान्तसम्ममा रू तीन खर्ब ६६ अर्ब नौ करोड ऋण प्राप्ति भएको छ । वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक प्राप्ति ६६ दशमलव ९३ प्रतिशत रहेको छ', प्रतिवेदनमा भनिएको छ ।

चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्म सरकारले रू दुई खर्ब ९१ अर्ब १४ करोड आन्तरिक ऋण उठाएको हो भने रू ७४ अर्ब ९५ करोड बाह्य ऋण उठाएको हो । वार्षिक लक्ष्यको तुलनामा हालसम्मको आन्तरिक ऋणको प्राप्ति ८८ दशमलव २२ प्रतिशत र बाह्य ऋणको प्राप्ति ३४ दशमलव ५४ प्रतिशत बराबर हो । यस आर्थिक वर्षका लागि सरकारले रू तीन खर्ब ३० अर्ब आन्तरिक ऋण र रू दुई खर्ब १७ अर्ब बाह्य ऋण उठाउने लक्ष्य राखेको छ ।

सार्वजनिक ऋण निरन्तर बढ्दै गएसँगै त्यसको साँवा-ब्याज भुक्तानीका लागि हुने खर्च पनि बढ्दै गएको छ । चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्ममा मात्रै करिब साढे दुई खर्बभन्दा बढी रकम साँवा ब्याज भुक्तानीमा खर्च भएको छ । 'चालु आर्थिक वर्षमा ऋण सेवा खर्चमा रू चार खर्ब दुई अर्ब ८५ करोड बजेट विनियोजन भएकोमा चैत मसान्तसम्म रू दुई खर्ब ५२ अर्ब ४८ करोड भुक्तानी भएको छ', सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले भनेको छ, 'यो वार्षिक विनियोजनको आधारमा ६२ दशमलव ६७ प्रतिशत हो । जिडिपीको आधारमा चैत मसान्तसम्ममा कूल ऋण सेवा खर्च चार दशमलव ४३ प्रतिशत रहेको छ ।'

पछिल्लो नौ महिनामा आन्तरिक ऋणको साँवाब्याज भुक्तानीका लागि मात्रै रू दुई खर्ब १२ अर्ब ९३ करोड खर्च भएको छ । आन्तरिक ऋणको साँवा तिर्नका लागि रू एक खर्ब ७० अर्ब नौ करोड र ब्याज तिर्नका लागि रू ४२ अर्ब ८४ करोड बराबर खर्च भएको हो । त्यस्तै, बाह्य ऋणको साँवा ब्याज तिर्नका लागि रू ३९ अर्ब ४३ करोड बराबर खर्च भएको छ । जसमध्ये बाह्य ऋणको साँवा तिर्नका लागि रू ३२ अर्ब ९३ करोड र ब्याज तिर्नका लागि रू छ अर्ब ६१ करोड खर्च भएको छ ।

चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा विदेशी मुद्राको विनिमय दरमा भएको परिवर्तनले मात्रै रू ७० अर्ब नौ करोड बराबर सार्वजनिक ऋणको दायित्व थपिएको कार्यालयले जनाएको छ । नेपालले वैदेशिक ऋण 'स्पेशल ड्रइङ राइट' (एसडिआर) अन्तर्गतका पाँचवटा विदेशी मुद्रामा लिन्छ । जसमा अमेरिकी डलर, युरो, पाउण्ड स्टर्लिङ, चिनियाँ युआन र जापानी येन पर्दछन् ।

# नवलपुरमा आलु खेती गरिने क्षेत्र र उत्पादन बढे

**मध्यविन्दु-** नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा चालु आबमा ५९ हजार १२० मेट्रिकटन आलु उत्पादन भएको छ । कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा यस वर्ष आलु खेती गरिने क्षेत्र र उत्पादनसमेत बढेको छ । जिल्लामा यस आर्थिक वर्षमा तीन हजार २१६ हेक्टर क्षेत्रफलमा आलु खेती भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी विश्वास काफ्लेले बताए । गत वर्षको तुलनामा यस वर्ष खेती गरिने क्षेत्र र उत्पादनसमेत बढेको उनले बताए ।

'गत आर्थिक वर्ष तीन हजार २०५ हेक्टर क्षेत्रफलमा आलु खेती हुँदा ५८ हजार ४१३ मेट्रिकटन उत्पादन भएको थियो', उनले भने, 'गत आवको तुलनामा यस वर्ष ११ हेक्टर क्षेत्रफल बढेको छ भने ७०७ मेट्रिकटन आलु धेरै उत्पादन भएको छ ।'

नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा विगत चार वर्षदेखि आलु खेतीतर्फ किसानको आकर्षण बढ्दै गएको कृषि ज्ञान केन्द्रका प्रमुख कुलप्रसाद तिवारीले बताए । कृषि ज्ञान केन्द्रको तथ्यांकअनुसार पछिल्लो चार वर्षमा जिल्लामा आलु खेती १०१ हेक्टर क्षेत्रफल बढेको छ । क्षेत्रफल बढेसँगै आलुको उत्पादन पनि वृद्धि भएको प्रमुख तिवारीले बताए ।

'जिल्लामा आर्थिक वर्ष २०७८/७९ मा तीन हजार ११५ हेक्टर क्षेत्रफलमा आलु खेती भएको तथ्यांक रहेको छ भने त्यो क्षेत्रफल चालु आव २०८१/८२ सम्म १०१ हेक्टरले बढेर तीन हजार २१६ हेक्टरमा विस्तार भएको छ', उनले भने, 'उत्पादन पनि आव २०७८/७९ मा ५० हजार १५२ मेट्रिकटन भएकोमा त्यसमा आठ हजार ९६८ मेट्रिकटनले वृद्धि भएर ५९ हजार १२० मेट्रिकटन वार्षिक उत्पादन हुन थालेको छ ।'

जिल्लामा व्यावसायिक आलु खेती गर्ने किसानको सङ्ख्या प्रत्येक वर्ष बढेको कृषि ज्ञान केन्द्रको तथ्यांकमा देखिएको छ । पछिल्लो चार वर्षको आलु खेती गरिने क्षेत्रफल र उत्पादन हेर्दा प्रत्येक वर्ष वृद्धि हुँदै गएको देखिएको कृषि ज्ञान केन्द्रका कृषि बाली विज्ञ सञ्जय ढकालले बताए ।

'आलु उत्पादनका हिसाबले नवलपरासी (बर्दघाट सुस्तापूर्व) आत्मनिर्भर रहेको छ,' उनले भने, 'सरकारी तहबाट लगानी वृद्धि हुँदा कृषक आलु खेतीतर्फ आकर्षित भएका छन् ।'

कृषि ज्ञान केन्द्रले चालु आवमा समुदायस्तमा प्रशोधनयोग्य र खायन आलु प्रवर्द्धनको लागि कुल एक करोड ८५ लाख रकम विनियोजित गरेको थियो । आलुको बीउको लागि कृषि ज्ञान केन्द्रले ३१ वटा समूह एवं सहकारीलाई ६५ प्रतिशत अनुदानमा करिब ८० लाख बराबरको अनुदान प्रदान गरेको कृषि बाली विज्ञ ढकालले जनकारी दिए ।

जिल्लाको मध्यविन्दु र कावासोती नगरपालिका एवं हुप्सेकोट गाउँपालिका क्षेत्रमा आलु राम्रो उत्पादन हुने गरेको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ